# वातावरण, वातावरणीय न्याय र पोखरेली प्रेस

*शेखर पराजुली*

## परिचय

हिजोआज वातावरण सँगसँगै वातावरणीय न्यायको नयाँ अवधारणा स्थापित हुँदैछ । वातावरणीय क्षेत्रमा आउने सकारात्मक र नकारात्मक परिवर्तनले विभिन्न तह र क्षेत्रका मानिसलाई फरक फरक तवरले प्रभाव पारिरहेको हुन्छ । धर्म, जाति, वर्ग, लिङ्ग र उमेरजस्ता सामाजिक विभेदले गर्दा नेपाली समाजमा वातावरणका सकारात्मक र नकारात्मक प्रभावहरूको समान रूपमा वितरण हुन सकेको छैन र वातावरणीय अन्याय भइरहेको छ । वातावरणको उपयोगमा हुने फाइदा र जोखिमलाई समान रूपले वहन गरिनु पर्छ भन्ने मान्यता वातावरणीय न्यायको हो । तसर्थ कुनै पनि वर्ग, जातजाति, लिङ्ग वा समुदायविशेषप्रति पूर्वाग्रह नराखी वातावरणीय ह्रासका जोखिम र प्राकृतिक स्रोत उपयोगको फाइदा न्यायोचित रूपमा वितरण हुनुलाई वातावरणीय न्याय भएको मानिन्छ । तर हाम्रो समाजमा यस्तो भएको कमै पाइन्छ ।[1]

विकासको योजनाबाट प्राप्त हुने प्रतिफल पनि पहुँचवाला र सम्पन्न वर्गले उपभोग गरेका हुन्छन् । गरिब, निमुखा, दलित र अन्य पिछडिएका समदायका बस्तीहरू गाउँको सीमान्त प्रदेश–भीर, नदीकिनार र जङ्गल छेउ–मा हुन्छन् । बाढी, पहिरो, जङ्गली जन्तुको आतङ्क जस्ता समस्याबाट उनीहरू नै बढी प्रताडित हुन्छन् । तैपनि नदी र जङ्गलजस्ता प्राकृतिक स्रोतबाट प्राप्त हुने उपभोग्य वस्तुहरू जस्तै काठ, दाउरा, घाँस, कुलो, नहर, धारा, बिजुली आदिमा तिनको पहुँच सीमित हुन्छ । उब्जाउ जमिन हुनेखानेकै कब्जामा हुन्छ । प्राकृतिक स्रोतको उपयोगसम्बन्धी विकासे कार्यक्रमको निर्णय प्रकृयामा या त स्थानीय टाठाबाठाको संलग्नता हुन्छ या राज्य संयन्त्रबाट निर्णय लाद्ने गरिन्छ । विकास निर्माणका कार्यमा प्राकृतिक वातावरण सँगसँगै स्थानीय बासिन्दालाई पर्ने नकारात्मक असरसम्बन्धी सूचना दिइँदैन, न निर्णय प्रकृयामा सहभागी नै गराइन्छ । यस्ता उदाहरणहरू प्रशस्तै छन् ।

---

[1] यो र यसपछिको अनुच्छेद जगन्नाथ अधिकारी (२०५९क) मा आधारित छ ।

आधुनिकीकरण, शहरीकरण, औद्योगीकरण तथा बढ्दो उपभोगवादी व्यवहारले संसारभर नै प्राकृतिक स्रोतहरूको उपयोगमा अत्यधिक वृद्धि भएको छ । यस्तो उपयोगले एकातर्फ ती स्रोतहरू सकिने खतरा देखिएको छ भने अर्कोतर्फ वातावरणमा विभिन्न प्रतिकूल प्रभावहरू देखिएका छन्– ओजोन तह पातलिँदै छ; जलवायुमा अस्वाभाविक परिवर्तनहरू देखिन थालेका छन्; पृथ्वीको तापक्रम बढ्दैछ; अतिवृष्टि, अनावृष्टि, बाढी-पहिरो जस्ता विपत्हरू देखा परेका छन्; विभिन्न रोग-व्याधिको प्रकोप बढ्नुको साथै जैविक विविधतामा ह्रास आइरहेको छ । वातावरणमा देखिएका यस्ता प्रतिकूल परिवर्तनले वातावरण संरक्षणतर्फ सर्वत्र चासो र चिन्ता जागृत गराएको छ । र, समस्या समाधानतर्फ पनि विभिन्न प्रयासहरू गरिएका छन् ।

वातावरण संरक्षणमा विश्वव्यापी चासो बढेपछि राजनीति, शिक्षा, पर्यटन, अपराध, खोज, खेलकूद, मनोरञ्जन, आदि जस्तै वातावरण पनि मिडियाको प्रमुख हिस्सा बन्यो; र पत्रकारितामा नयाँ विधा सिर्जियो– वातावरण पत्रकारिता । विभिन्न क्रियाकलापबाट हुने वातावरणीय ह्रास एवं प्रदूषण र यसबाट मानव जीवनमा पर्ने नकारात्मक असरलाई प्रचार-प्रसार गर्ने, सचेत गराउने र प्रदूषण-विरुद्ध झकझक्याउने काममा सञ्चार माध्यमले अग्रणी भूमिका खेल्न थाल्यो । त्यस्तै, वन विनाश, वन्यजन्तुको शिकार, आखेटोपहारको अवैध ओसारपसार, जडिबुटीको अवैध व्यापार, परम्परागत प्रविधि तथा स्थानीय प्रजातिहरूको विनाश, रासायनिक पदार्थको बढ्दो प्रयोगको असर, इत्यादि विषयमा खोजपूर्ण सामग्री पस्केर अपराधीलाई नङ्ग्याउने तथा वातावरणीय फाइदा या ह्रास र जोखिमहरू समानुपातिक रूपमा वितरण भए नभएको विश्लेषण गर्ने कार्यमा पनि सञ्चारमाध्यमहरू सक्रिय छन् ।

विश्वव्यापी वातावरणीय सक्रियतासँगै बिस्तारै नेपालमा पनि वातावरण संरक्षणतर्फ चासो र प्रयास हुन थाल्यो । विशेषगरी २०४६ सालपछिको खुला परिवेश र सङ्गठित हुने एवं अभिव्यक्ति स्वतन्त्रता संविधानले प्रत्याभूत गरेकाले मिडिया क्षेत्रले ठूलै फड्को मार्‍यो भने वातावरणका क्षेत्रमा कार्य गर्ने सङ्घ-संस्थाहरूको सङ्ख्या र सक्रियतामा वृद्धि भयो ।[२] वातावरण क्षेत्रका गतिविधि-हरूलाई फैलँदो मिडिया क्षेत्रमार्फत जनमानसमा अधिकाधिक पुर्‍याउन नेपाल वातावरण पत्रकार समूह (नेफेज) जस्ता संस्थाहरू पहिलेदेखि नै सक्रिय थिए भने नयाँ संस्थाहरूका गतिविधिले पनि मिडियामा स्थान पाउन थाले । मिडियामा वातावरणीय सामग्रीहरूको उपस्थिति बढाउन नेपाल राजकीय विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (रोनास्ट) र नेफेजले लेखमालाहरू नै प्रकाशन गरे ।[३] त्यस्तै, वातावरण/प्रदूषणसम्बन्धी विभिन्न विषयलाई वातावरणविद् तथा

---

[२] २०४६ सालपछिको मिडिया क्षेत्रको फैलावटको विस्तृत जानकारीका लागि हेर्नुहोस् प्रत्यूष वन्त (सन् २००२) ।

[३] यी र अन्य लेखमालाहरूको विस्तृत नालीबेलीका लागि कृष्ण अधिकारी (२०६०) हेर्नुहोस् ।

वातावरणविज्ञहरूले मिडियामार्फत अघि बढाएको पाइन्छ, एकातर्फ भने अर्कोतर्फ मिडिया स्वयंले विभिन्न वातावरणीय गतिविधिहरूलाई खोजबिन गरेर स्थान दिएको पाइन्छ । मिडियामा आएका त्यस्ता सामग्रीहरू लेख, अध्ययन, अनुसन्धानका विषय पनि बनेका छन् ।[४]

वातावरण र मिडियालाई जोडेर भएका केही अध्ययन पनि पूर्णतः काठमाडौं केन्द्रित छन् जबकि काठमाडौंबाहिरको मिडिया क्षेत्रमा पनि २०४६ यता उल्लेख्य विस्तार भएको छ ।[५] काठमाडौंबाहिरका मिडियाले उत्पादन गरेका वातावरणसम्बन्धी सामग्रीबारे लेखाजोखा गरिएका सामग्री विरलै भेटिन्छन् ।[६] वातावरणीय न्याय र अन्यायको किटानीसाथ विवेचन र वकालत त नेपालको मिडियाले कमै गर्न सकेको छ । यससम्बन्धी सामग्रीको अध्ययन/विश्लेषण झन् भएकै छैन । यसै परिप्रेक्ष्यमा पोखराका छापाहरूले वातावरण र वातावरणीय न्यायलाई कस्तो स्थान दिई कसरी प्रस्तुत गरेका छन् भन्ने विश्लेषण र विवेचना गर्ने प्रयास यो लेखमा गरिएको छ ।

वातावरणीय न्याय र समग्र वातावरणसम्बन्धी अखबारका सामग्रीको अध्ययनका लागि सर्सर्ती पोखराका सबै पत्रिकाहरू हेरिएको भए पनि विश्लेषण र विवेचना *पोखरा हटलाइन* र *आदर्श समाज*मा मात्र केन्द्रित छ । *पोखरा हटलाइन* र *आदर्श समाज*का २०५८ सालका सम्पूर्ण अङ्कहरू हेरिएको छ । यी दुई पत्रिका पोखराका पुराना र स्थापित अखबारहरू हुन् र २०५८ सालमा वर्षभर नियमित थिए ।[७] राजनीतिक हिसाबले *पोखरा हटलाइन*मा बामपन्थी रुझान

---

[४] नेपाली सञ्चार माध्यममा वातावरणीय समाचारको इतिहास र पछिल्ला वर्षहरूमा भएको विस्तार, कमजोरी र खाँचोका लागि हेर्नुहोस् तीर्थ कोइराला (२०५७) । अप्रिल १९९५ देखि अगस्ट १९९६ सम्ममा नेपाली मिडियामा प्रकाशित सामग्रीहरूलाई सङ्कलन गरी जस्ताको तस्तै प्रस्तुत गरेको छ नेफेज र आइयूसीएन नेपालले (श्रेष्ठ र श्रेष्ठ सन् १९९६) । काठमाडौंको वायु प्रदूषणविरोधी आन्दोलनमा २०५५ असोजदेखि २०५८ असोजसम्म छापा मिडियाको भूमिकाबारे रमेश पराजुली (२०५९) को अनुसन्धानमूलक लेख प्रकाशित छ । त्यस्तै, छापामा जलउत्पन्न प्रकोपसम्बन्धी रिपोर्टिङका सम्बन्धमा डमिन्द्र दाहाल (२०५९) ले अध्ययन गरेको पाइन्छ ।

[५] काठमाडौंबाहिरका मुख्य शहरहरूमा भएको मिडियाको इतिहास, विस्तार र तिनको अवस्थाबारे जानकारीका लागि हेर्नुहोस् वन्त (२०५८) मा परेका लेखहरू ।

[६] पोखराको शहरीकरण र वातावरणीय समस्याबारे चर्चा गर्ने क्रममा जगन्नाथ अधिकारी (सन् २०००) ले स्थानीय मिडियामार्फत वातावरणीय समाचारको रिपोर्टिङ भए तापनि वातावरणीय ह्रासबारे जनतालाई पर्याप्त सूचना दिन नसकेको उल्लेख गर्नुभएको छ ।

[७] २०५९ सालमा प्रकाशित भइरहेका पत्रिकाहरूमध्ये *जनमत* दैनिक पोखराको सबैभन्दा पुरानो पत्रिका भए पनि आन्तरिक विवादले वर्षको अन्ततिर यो नियमित थिएन । *जनमत, आदर्श समाज, पोखरा हटलाइन*बाहेक *गगन, चेतनापत्र, पोखरापत्र, समाधान* पनि पोखराका दैनिक पत्रिका हुन् । पछिल्ला पत्रिकाहरू तुलनात्मक रूपमा नयाँ हुन् । त्यसबाहेक, *राष्ट्रिय स्वाभिमान, राष्ट्रआवाज, जनमन्थन* साप्ताहिक, *पोखरा एक्सप्रेस* पाक्षिक तथा *नव पोखरा टाइम्स* मासिक पोखराबाट प्रकाशित हुन्छन् । *राष्ट्रिय स्वाभिमान* माओवादी निकटताका कारण सङ्कटकालीन अवस्थाको शुरुआतयता बन्द छ । प्रायः सबै दैनिक चार पृष्ठमा टचाब्लोइड साइजमा प्रकाशन हुन्छन् । यी पत्रिकामा सामान्यतया

पाइन्छ भने *आदर्श समाज*को प्रजातन्त्रवादी झुकाव भएको मानिन्छ । अध्ययन अवधिमा पोखरा उपमहानगरपालिकामा एमाले र केन्द्रीय सरकारमा काङ्ग्रेस थिए । वातावरण व्यवस्थापनमा राजनीतिले प्रभाव पारेको हुन्छ र यसको असर पत्र-पत्रिकामा पनि पर्न जान्छ भन्ने मान्यतामा पनि यी दुई अखबारलाई अध्ययनका लागि छानिएको हो । अध्ययनमा नपरेका पत्रिकाले पनि वातावरण-सम्बन्धी सामग्रीलाई स्थान दिएकै छन् । अध्ययनमा परेका र नपरेका पत्रिकाको सामग्री प्रस्तुतिमा सामान्य पृथकता देखिए पनि खास मुद्दाहरूमा ठूलो अन्तर भेटिएन ।

प्रत्यक्ष रूपमा वातावरणीय न्यायलाई उजागर गर्ने सामग्रीहरू ज्यादै सीमित भएकोले वातावरणका क्षेत्रमा उठेका सबै सामग्रीलाई सगोलमा राखेर वातावरणीय न्यायको चर्चा गर्ने प्रयास यस लेखमा गरिनेछ । लेखको शुरुमा पोखरेली प्रेसले उठाएका वातावरणीय मुद्दाहरूको चर्चा गरिएको छ । यी मुद्दाहरूको प्रस्तुतिमा देखिएका सबल र दुर्बल पक्षको विश्लेषण त्यसपछि गरिएको छ । अन्तमा निष्कर्ष प्रस्तुत छ ।

## वातावरणीय मुद्दाहरू

क्षेत्रीय सदरमुकाम, राम्रो हावापानी, शहरी सुविधा, पर्यटकीय महत्व जस्ता कारणले गर्दा पोखराको जनसङ्ख्या दिनानुदिन बढ्दो छ । जनसङ्ख्या वृद्धिसँगै सार्वजनिक जग्गा, खुला ठाउँ, चौतारो, पोखरीलगायत अन्य सांस्कृतिक र ऐतिहासिक महत्वका क्षेत्रहरू अतिक्रमण भैरहेछन् (पराजुली सन् २०००) । र, सँगै बढ्दैछन् शहरी समस्याहरू– अव्यवस्थित बसोबास, फोहरमैला व्यवस्थापनको अभाव, खानेपानीको अभाव, ढल निकासको समस्या, आदि । बढ्दो सवारी साधनहरू एवं साँघुरा र मर्मत नभएका सडकले वायु प्रदूषण र ध्वनि प्रदूषणका समस्या बिस्तारै बढाउँदैछन् । त्यसो त, पोखरा मुलुकभरमै सबैभन्दा धेरै पानी पर्ने शहर पनि हो । त्यसैले अतिवृष्टि हुँदा सतही माटो क्षय हुने र पहिरो जाने गरेको छ ।[८] यी वातावरणीय विषयवस्तुलाई लिएर पोखराका दैनिक छापा–*पोखरा हटलाइन* र *आदर्श समाज*–ले २०५८ सालभर प्रकाशन गरेका समाचार, लेख र सम्पादकीयहरूलाई निम्न शीर्षकमा विभाजन गरी क्रमशः विश्लेषण गरिएको छ–

---

एक अङ्कमा १५-२० वटा लामा छोटा सामाचार, २-३ वटा लेख र एउटा सम्पादकीय नै मुख्य पाठ्य सामग्रीहरू हुन्छन् । पोखराका पत्र-पत्रिकाका विभिन्न पक्षहरूबारे थप जानकारीका लागि हेर्नुहोस् शेखर पराजुली (२०५८) । पोखराको पत्र-पत्रिकाको इतिहासको लागि हेर्नुहोस् केशवराज पराजुली (२०५८) र बद्रीविनोद खनाल (२०५६) ।

[८] पोखरामा वर्षभरिमा लगभग ३०० सेन्टिमिटर वर्षा हुन्छ जसमध्ये गर्मीयामका चार महिनामा ८० प्रतिशत वर्षा हुने गरेको छ । छोटो अन्तरालमा हुने भारी वर्षाका कारण सतही माटोको क्षयीकरण अत्यधिक छ । लगातार १२ घण्टाभन्दा बढी समयसम्म अधिक वर्षा भएको अवस्थामा वरपरका डाँडाकाँडामा पहिरो गएको देख्न सकिन्छ (अधिकारी र सेडन सन् २००२) ।

- वातावरणीय प्रदूषण
- सुकुमबासी समस्या र सार्वजनिक जग्गा अतिक्रमण
- ल्याण्डफिल साइट विवाद
- भू-क्षय तथा बाढी-पहिरो
- खानेपानी समस्या
- जैविक विविधता
- जीविकोपार्जन समस्या
- वातावरण सुधारका गतिविधिहरू

## *वातावरणीय प्रदूषण*

आफ्ना दैनिक आवश्यकता परिपूर्तिका लागि मानिस वातावरणमा निर्भर छ । भौतिक निर्माणका लागि पनि वातावरणीय सम्पदाकै उपयोग हुन्छ । सबै विकास निर्माणका तौर-तरिका र प्रविधिहरू वातावरण अनुकूल हुँदैनन् र फलतः वातावरणीय ह्रास या प्रदूषणको अवस्था सिर्जना हुन्छ । फोहरमैला (सोलिड वेस्ट), जल प्रदूषण, वायु प्रदूषण, ध्वनि प्रदूषण, आदि वातावरण प्रदूषणका विभिन्न पक्षहरू हुन् । पोखरेली छापामा यी विभिन्नखाले वातावरणीय प्रदूषणबारे कम-बेसी कोरिएकै छन् । तर, फेवाताल तथा सेती नदीको प्रदूषणले छापाहरूमा विशेष स्थान पाएको देखिन्छ । फेवातालको समस्या (दूषित पानी र पुरिने समस्या) स्थानीय मात्र नभई राष्ट्रिय चासो बनेको छ । काठमाडौं-केन्द्रित मिडिया–छापा र श्रव्यदृश्य–मा पनि यसबारे बेलाबेलामा रिपोर्टिङ भएको पाइन्छ ।

पोखराको शहरी क्षेत्रभित्र जम्मा हुने फोहरमैला नगरपालिकाका ट्र्याक्टर-हरूले सङ्कलन गर्ने र त्यसलाई स्थानीय बसपार्क छेउ, पुल नजिकबाट सेती नदीको गल्छीमा फ्याँक्ने गरिएको छ । त्यसबाहेक, शहरका विभिन्न ढलहरू सो नदीमा सीधै मिसाइएका छन् भने नदी छेउका कतिपय घरहरूले घरेलु फोहर एवं चर्पीको निकास नदीमै मिसाउने गरेका छन् (हेर्नुहोस् अधिकारी २०५९ख) । अध्ययन अवधिका पत्रिकाहरूमा सेती नदीमा नगरपालिकाले फोहर फाल्ने गरेको विषयलाई लिएर समाचार सामग्रीहरू छापिएका थिए । त्यस्तै, विचार पृष्ठमा छापिने लेखहरूमार्फत पनि बेलाबेलामा चासो जनाइएको पाइन्छ । सेतीकै दुरावस्थाबारे वसन्त चालिसेको लेख *आदर्श समाज*मा छापिएको छ (चालिसे २०५८) । लेखमा धार्मिक दृष्टिकोणले पवित्र मानिएको सेती नदी अहिले नुहाइ-धुवाइ गर्न नसकिने अवस्थामा पुगेको र साथै जलचर एवं चराचुरुङ्गीको अस्तित्व सङ्कटमा परेको चर्चा गरिएको छ । 'शहरका ढलहरू सेतीमा मिसाउनुको सट्टा 'फिल्टर' गरेर सेतीका शाखा नहरमार्फत खेतीयोग्य फाँटहरूमा पठाएमा उब्जनीसमेत बढ्न सक्ने' रमाइलो तर्क छ

चालिसेको । 'फिल्टर' मात्र गरेर नहरमार्फत खेतमा पठाउने तर्क सतही भए पनि सेती नदीको समस्या उजागर गर्न सफल छ सो लेख ।

पोखराको फोहरमैला नदीमा लगेर फ्याँक्नाले उत्पन्न समस्याको कानूनी उपचारको खोजी भएको थियो । धार्मिक, सांस्कृतिक, ऐतिहासिक तथा पर्यटकीय महत्व बोकेको सेती नदीमा पोखरा उपमहानगरपालिकाले फोहर फाली प्रदूषण गरेकोले सो कार्य रोकिपाउँ भनी अधिवक्ताहरू राजुप्रसाद चापागाईं, जनकल्याण पराजुली र सुनील गौतमले पुनरावेदन अदालत पोखरामा रिट दायर गर्नु भएको थियो (आदर्श समाज २०५८य) । रिट निवेदनमा कास्की जिल्ला विकास समिति र कास्की जिल्ला प्रशासन कार्यालयसमेतलाई विपक्षी बनाइएको थियो । निवेदकहरूले विपक्षी पोखरा उपमहानगरपालिकाद्वारा खासगरी पृथ्वी चोकस्थित चाइनापुल र महेन्द्रपुल किनारमा फोहरमैला फाल्ने कार्यले पोखराको पर्यावरणीय सन्तुलन खल्बल्याई पोखराबासीको नेपाल अधिराज्यको संविधान २०४७ धारा १२(१) मा अन्तरनिहित स्वस्थ वातावरणमा बाँच्नपाउने मौलिक हकको उपभोगमा बाधा पुऱ्याएको हुँदा परमादेश जारी गर्न माग गर्दै रिट दायर गरेका थिए । अदालतबाट नगरपालिकालाई झिकाउने आदेश जारी भएको समाचार *आदर्श समाज* र *पोखरा हटलाइन* दुवैले प्रकाशन गरेका छन् (आदर्श समाज २०५८र, पोखरा हटलाइन २०५८म) ।

पोखराको अर्को महत्वपूर्ण गहना– फेवाताल, दिनानुदिन प्रदूषित हुँदै गैरहेको र पुरिँदै गैरहेको बारे मनग्ये चिन्ता व्यक्त गरिन्छन्, गरिएका छन् । समाचार, लेख र सम्पादकीयका रूपमा पोखरेली पत्र-पत्रिकामा त्यस्ता चिन्ताले स्थान पाएका छन् । मलमूत्र र फोहरमैला; लुगा धोएको पानी; खेतबाट आएको प्राङ्गारिक र रासायनिक पदार्थ; खोलाहरूले बगाएर ल्याउने माटो; आदि फेवाताल प्रदूषण गर्नमा प्रमुख रूपमा जिम्मेवार छन् । त्यसबाहेक, बस्तु-भाउ (सुँगुर, भैंसी, आदि) आहाल खेल्नु, होटल, रेस्टुरेन्ट र स्थानीय बासिन्दाहरूले लुगा धुनु, आदिले पनि फेवाताललाई प्रदूषित तुल्याइरहेका छन् (ओली २०५४) ।

फेवातालको प्रदूषणबारे मदनकाजी श्रेष्ठको लेख *पोखरा हटलाइन*मा छापिएको छ (श्रेष्ठ २०५८क) । श्रेष्ठले लेखमा जन चेतनाको अभाव र लापर्वाहीले प्रयोग भैसकेका पानीका बोतल, फुटेका काँच, प्लास्टिक इत्यादि तालमा फाल्ने तथा ढल मिसाउने, सेप्टिक टचाङ्की मिसाउने जस्ता कृत्यहरूले फेवाताललाई एकातर्फ कुरूप बनाएको र अर्कोतर्फ वर्षे-बाढी तथा हर्पन खोला, खहरे खोलाले फेवा जलाधार क्षेत्रबाट वर्षेनी माटो बगाएर ल्याई ताललाई पुर्ने काम भएको उल्लेख गर्नुभएको छ । यी अवाञ्छित कार्यहरूलाई नियन्त्रण गरी पोखराको अमूल्य निधि फेवातालको संरक्षण गरिनुपर्छ भन्नुहुन्छ, श्रेष्ठ ।

फेवातालको खस्कँदो अवस्थाप्रति विभिन्न संस्थाहरूले पनि चिन्ता व्यक्त गरेको पाइन्छ । यसै क्रममा जनहित संरक्षण मञ्च र सार्वजनिक सरोकार

केन्द्रले संयुक्त रूपमा १९ माघमा 'फेवाताल प्रदूषणबाट मुक्ति खोजिरहेछ' विषयक सार्वजनिक बहसको आयोजना गरेका थिए । सो कार्यक्रममा फेवातालको सम्भार र संरक्षणका लागि ११ बुँदे प्रतिबद्धता पारित गरिएको र सो प्रतिबद्धतामा सम्बद्ध संस्थाका प्रतिनिधिहरूले हस्ताक्षर गरी सहमति जनाएका थिए । यससम्बन्धी समाचार २० माघका सबै दैनिक अखबारहरूमा आयो नै, २१ र २३ माघमा क्रमश: *पोखरा हटलाइन* र *आदर्श समाज*ले सोही विषयमा सम्पादकीय पनि प्रकाशन गरे (पोखरा हटलाइन २०५८क, आदर्श समाज २०५८क) ।

फेवाताललाई दीर्घकालीन स्वच्छता प्रदान गर्न पूरै ताल किनारमा व्यवस्थित ढल बनाएर तालको दक्षिणी भेकमा पर्ने फुस्रे खोलामा मिसाउनु पर्ने सुझाव 'बेवारिस फेवाताल' शीर्षकको सम्पादकीयमार्फत *पोखरा हटलाइन*ले दिएको थियो । फेवातालको मात्र कुरा गर्दा यो सुझाव उत्तम मानिए पनि फुस्रे खोलामा ढल मिसाएपछि त्यहाँ हुने प्रदूषण र त्यसको पर्यावरणीय असरलाई बिर्सन मिल्दैन । *आदर्श समाज*को सम्पादकीय समाचारकै शैलीमा छ । यसमा ११ बुँदे प्रतिबद्धता के-के हुन् र क-कसले हस्ताक्षर गरे भन्ने जानकारी दिइएको छ ।

फेवातालको संरक्षण तथा प्रवर्द्धनमा उपमहानगरपालिकाको भूमिकाबारे यी दुई अखबारको भिन्न दृष्टिकोण रहेको देखिन्छ । *पोखरा हटलाइन*को सम्पादकीयमा फेवातालको प्रदूषणका लागि अधिकारविहीन उपमहानगर-पालिकालाई दोष दिन नमिल्ने र यसका लागि केन्द्रीय सरकार नै जिम्मेवार भएको लेखिएको छ । तर त्यसको दुई दिनपछि आएको *आदर्श समाज*को सम्पादकीयमा भने उपमहानगरपालिकाले फेवाताल संरक्षणका लागि नेतृत्वदायी भूमिका खेल्नुपर्ने र अधिकार नै छैन भनेर पन्छिन नमिल्ने लेखिएको छ ।

सेती नदीजस्तै फेवातालको प्रदूषण रोक्न केही व्यक्तिहरूले अदालत गुहारेका थिए । राजुप्रसाद चापागाईं, जनकल्याण पराजुली, दलबहादुर केसी र सुनील गौतमले फेवातालमा भैरहेको प्रदूषण रोक्न पुनरावेदन अदालत पोखरामा मङ्सिर १० गते रिट दायर गर्नुभएको थियो । पोखरा उपमहानगर-पालिका, कास्की जिल्ला विकास समिति, कास्की जिल्ला प्रशासन कार्यालय, पोखरा उपत्यका नगर विकास समिति, पोखरा वातावरण सुधार आयोजना, फेवा ट्रष्ट, क्षेत्रीय होटल सङ्घ र फिस्टेल लजसमेतलाई विपक्षी बनाई दायर गरिएको मुद्दासम्बन्धी समाचार *आदर्श समाज*मा छापिएको थियो (आदर्श समाज २०५८ल) । सो मुद्दामाथि सुनुवाइपश्चात पुनरावेदन अदालत पोखराले चैत २६ गते ढलको पानी फेवातालमा नमिसाउन र मिसाउनै पर्ने भए प्रदूषण नहुने ढङ्गले मिसाउन, फेवातालको संरक्षण सम्बर्द्धन गर्नुपर्ने कानूनी दायित्व पालना गर्नु भन्ने व्यहोराको आदेश जारी गरेको थियो (आदर्श समाज २०५८व) ।

अखबारमा तस्वीरको प्रयोग महत्वपूर्ण मानिन्छ । तस्वीरले समाचारको सत्यता झल्काउनुका साथै पाठकलाई छिटो आकर्षण पनि गर्छ । फेवातालको प्रदूषणको झलक दिने तस्वीरहरू अध्ययनमा परेका अखबारले प्रयोग गरेको पाइयो । ३ माघको *आदर्श समाज*मा फेवातालमा केही व्यक्तिहरू नुहाइ-धुवाइ गरिरहेको तस्वीर छापिएको छ । सोही पत्रिकाको अर्को अङ्कमा फेवातालको किनारमा फोहरको थुप्रो देखिने तस्वीर छापिएको छ । *आदर्श समाज*ले नै ११ फागुनमा छापेको तस्वीरमा पनि फेवाताल किनारको दृश्य छ जहाँ एकातिर पर्यटकहरू तालको दृश्यपान गर्नमा मस्त देखिन्छन् भने तालकै एक छेउमा केही महिलाहरू लुगा धुनमा व्यस्त । "नगरभरिको फोहर ढल मिसाउँदा प्रदूषण नभएको फेवाताल हामीले केही लुगा धुँदैमा हुन्छ र ?" भन्ने व्यङ्ग्यात्मक 'क्याप्सन' रहेको यस तस्वीरको छपाइको स्तर भने कमजोर छ । प्लास्टिक वातावरण प्रदूषणका लागि निकै जिम्मेवार भए पनि यो अपरिहार्य भैसकेको छ । सस्तो, सहजप्राप्य र सजिलो भएकाले यसको प्रयोग दिनानुदिन व्यापक हुँदैछ । तर यो प्रयोगअघि जति सरल छ, प्रयोगपछि उत्तिकै दु:खदायी छ; न कुहाएर नष्ट गर्न सकिन्छ, न डढाएर खरानी नै । कम गुणस्तरका प्लास्टिक त प्रयोगावस्थामै पनि हानिकारक हुन्छन् । चौपायाले प्लास्टिक खाएमा मर्न सक्ने डर छँदैछ । त्यसैले प्रयोगपछि चिन्ताको विषय बन्ने प्लास्टिकका झोलाको प्रयोग रोक्नुपर्ने माग वातावरणवादी र वातावरणविद्हरूले बरोबर उठाउँदै आएका छन् । कतिपय टोल, गाउँ र नगरहरूले त आफूलाई प्लास्टिक निषेधित क्षेत्र नै घोषित गरेका छन् ।

फोहरमैलाकै विषयलाई लिएर पुनरावेदन अदालत पोखरामा पुस २९ गते अर्को रिट परेको थियो । प्लास्टिक झोलाको अत्यधिक प्रयोगबाट पोखरामा पर्यावरणीय प्रदूषण बढेकोले त्यस्ता प्लास्टिक झोलाको उत्पादन, वितरण र प्रयोग रोक्नका लागि विश्व घिमिरेले रिट हाल्नुभएको हो (रासस २०५८ज) । सो रिट निवेदनमा पोखरा उपमहानगरपालिका, कास्की जिल्ला विकास समिति, पोखरा उद्योग वाणिज्य सङ्घ, पोखरा उपत्यका नगर विकास समिति, कास्की जिल्ला प्रशासन कार्यालय, साना तथा घरेलु उद्योग कार्यालय कास्की र जिल्ला सिँचाई कार्यालय कास्कीलाई विपक्षी वनाइएको थियो । *आदर्श समाज*का अनुसार पोखरा उपमहानगरपालिका क्षेत्रमा प्लास्टिक झोलाको अत्यधिक प्रयोगका कारण फेवाताल र सेती नदीलाई प्रदूषित गर्नुका साथै ताल र नदीबाट नहरमार्फत सिंचित कुँडहर फाँट र बिरुवा फाँटका खेतीयोग्य जमिनसमेत विगारेको तथ्य पनि सो रिटमा समावेश छ । माघ ३ गतेको *आदर्श समाज*मा पुनरावेदन अदालत पोखराले प्लास्टिकका झोलाबाट वातावरण प्रतिकूल असर परे नपरेको के हो, निवदेकको माग बमोजिमको आदेश जारी हुनु नपर्ने भए उपयुक्त कारण सहितको लिखित जवाफ पठाउन विपक्षीहरूका नाममा कारण देखाउ आदेश जारी गरेको समाचार छ (रासस २०५८झ) । रिट दायर गरिएपछि

प्लास्टिकका अवगुणहरूलाई ४ माघको *आदर्श समाज*ले आफ्नो सम्पादकीयको विषय पनि बनायो (आदर्श समाज २०५८ग) ।

वातावरण प्रदूषणबाट पर्ने दुष्प्रभावहरू केलाइएको मदनकाजी श्रेष्ठको लेख छापिएको छ १९ फागुनको *पोखरा हटलाइन*मा (श्रेष्ठ २०५८ख) । लेखमा मेक्सिको शहरको उदाहरण पस्कँदै प्रदूषणले पर्यटन व्यवसायमा ठूलो असर पुऱ्याउने लेखिएको छ । सुन्दर मेक्सिको शहरको रौनकता अत्यधिक प्रदूषणले गर्दा घट्दै गएको घटनाबाट काठमाडौं, पोखरा जस्ता शहरले बेलैमा पाठ सिक्नुपर्छ भन्नुहुन्छ श्रेष्ठ । शहरलाई स्वच्छ तुल्याउन फोहरमैला व्यवस्थापनमा स्थानीय निकायहरूलाई सहभागी गराउने, औद्योगिक प्रतिष्ठानबाट उत्सर्जन हुने जल र वायुको निष्कासन स्तर निर्धारण गरी व्यवस्थापनका योजनाहरू तर्जुमा गर्ने एवं सवारी साधन प्रजनित प्रदूषण नियन्त्रण कार्यलाई प्रभावकारी रूपमा सञ्चालन गर्नुपर्ने श्रेष्ठको सुझाव छ ।

१८ असोजका दिन विमानलाई चील र कागले वाधा पुऱ्याएको कारण जनाई पोखरा-काठमाडौंका उडानहरू स्थगित गरिएका थिए । सोही विषयलाई लिएर *आदर्श समाज*ले 'पोखरा विमानस्थलमा चील-कागको आतङ्क, हवाइ उडानमा अवरोध' शीर्षकमा समाचार प्रकाशन गरेको थियो (आदर्श समाज २०५८ख) । समाचारमा एक निजी एअरलाइन्सका कर्मचारीको हवाला दिँदै विमानस्थलमा सरसफाइ नभएकाले मरेको प्राणी (सिनु) खान चराहरू झुम्मिएकाले उडान स्थगित भएको जनाइएको छ ।

सवारी साधनको वृद्धिसँगै वायु एवं ध्वनि प्रदूषण पनि बढ्छ । यसै आशयको समाचारसहित लेखनाथ नगरपालिकामा सवारी चाप बढेको तथ्याङ्क पेश गरेको छ, २२ साउनको *पोखरा हटलाइन*ले (पोखरा हटलाइन २०५८ख) । समाचारमा बिहानदेखि साँझसम्म निश्चित स्थानमा गरिएको सर्वेक्षणका आधारमा लेखनाथ नगरपालिकामा ओहोर-दोहोर गर्ने सवारी साधनको सङ्ख्या घण्टाअनुसार तालिकामा प्रस्तुत गरिएको छ । सो स्थानबाट मोटरसाइकल, कार, ट्रक, बस, मिनिबस, ट्र्याक्टर गरी जम्मा ३,४२२ सवारी साधन एक दिनमा गुडेको देखिन्छ । यस किसिमका सर्वेक्षण पोखराका सडकमा पनि गर्न सकिने हो, तर भएको पाइँदैन । यसबाहेक, सवारी साधनले गर्ने प्रदूषणका विषयमा यी पत्रिकामा अरू सामग्री भेटिँदैन ।

खाद्य पदार्थलाई आकर्षक देखाउन, कमसल चिज बिकाउन र नाफा बढी कमाउन खाद्यमा अखाद्य पदार्थ मिसावट गर्ने नराम्रो पद्धति पाइन्छ । साथै, बजारमा खुला बेच्न राखिने खाद्य पदार्थहरू सरसफाइसम्बन्धी चेतनाको कमी वा लापर्वाहीले प्रदूषित बन्न पुग्छन् । पोखराका अखबारले अव्यवस्थित रूपमा बेच्न राखिने मासुको विषयमा कुरा उठाएका छन् । तर यससम्बन्धी सबै सामग्री तेस्रो पशु विकास आयोजनाद्वारा पोखरामा आयोजित 'मासु उत्पादन तथा बिक्री वितरणमा सुदृढीकरण' विषयक एक दिने अन्तर्क्रिया कार्यक्रमको

लगत्तै मात्र आएका हुन्; न अघि आए न त्यसपछि नै आउन सके । कार्यक्रममा पोखरामा वधशाला तथा प्रशोधन इकाइको अभाव, जनचेतनाको कमी, व्यवसायीसँग प्राविधिक ज्ञानको कमी, गुणस्तर निर्धारण नहुनु, स्तरीय मासु पसलको अभाव जस्ता विषयमा चर्चा भएको थियो । त्यस्तै, मासु खपत र उत्पादनसम्बन्धी केही तथ्याङ्क पनि उक्त कार्यक्रममा प्रस्तुत गरिएको थियो (आदर्श समाज २०५८घ, भण्डारी २०५८) । यही विषय २९ असोजको *पोखरा हटलाइन*को सम्पादकीयको विषयवस्तु बनेको छ (पोखरा हटलाइन २०५८ग) । 'सुव्यवस्थित मासु व्यवसायको खाँचो' शीर्षकको उक्त सम्पादकीयमा पोखरामा बिक्री हुने मासु प्रदूषित भएको र उपभोक्ता सचेत नबनेसम्म तथा राज्यले वधशालाको व्यवस्था गर्नुका अतिरिक्त परीक्षणपछि मात्रै पशुवध गर्ने नियम नबनाएसम्म यो समस्या यथावत रहने निचोड निकालिएको छ ।

मङ्सिर ६ गते *पोखरा हटलाइन*मै इन्द्रराज बरालको 'अव्यवस्थित तरिकाबाट बिक्री वितरण गरिँदा मासु उपभोक्ता अन्यौलमा' शीर्षकको लेख छापिएको छ (बराल २०५८) । बराल लेख्नुहुन्छ– "नेपालमा दूषित र रोगी पशुपक्षीको मासु खानाले ६० देखि ७० प्रतिशत रोग लाग्ने पशु विशेषज्ञको राय छ ।" *पोखरा हटलाइन*मै दुर्गा भण्डारीले तयार पारेको फिचरमा पनि "नेपालमा मासु खाने ८० प्रतिशत व्यक्तिमध्ये ६० देखि ७० प्रतिशतलाई मासुबाट सर्ने रोग लाग्ने गरेको एक तथ्याङ्कले देखाएको छ" भनिएको छ (भण्डारी २०५८) । यी दुवै तथ्यहरू अस्पष्ट छन् । र, स्रोत पनि स्पष्टसँग नखुलाई 'पशु विशेषज्ञको राय, र एक तथ्याङ्क' भनिएको छ ।

प्रदूषित मासुका विषयमा लेखिए पनि अन्य खाद्य प्रदूषणबारेका सामग्री पोखरेली अखबारमा परेका छैनन् । सिराहा जिल्लामा 'कार्बाइड' विषादी मिसाएर पकाएको आँपले पेट दुख्ने, बान्ता हुने र अपच हुने जस्ता समस्या सिर्जिएको समाचार *पोखरा हटलाइन*ले छापेको छ (रासस २०५८क) । यो समाचार राससबाट लिइएको हो । यसबाहेक खाद्य प्रदूषणसम्बन्धी सामग्री यी अखबारमा देखिँदैन ।

स्वास्थ्य-लाभका निम्ति जाने अस्पताल नै प्रदूषणको चपेटामा परेपछि बिरामीको के हविगत होला ? २४ असारको *पोखरा हटलाइन*मा टी. आर. कोइरालाले अस्पतालमा आफूले भोगेको अनुभवलाई एक लेखमार्फत सार्वजनिक गर्नुभएको छ (कोइराला २०५८) । रगत, बान्ता, प्लास्टिक, कागज, प्रयोग भैसकेका पट्टी यत्रतत्र छरिएको र शौचालयमा पानी नहुनुका साथै दिसा पिसाव जथाभावी गरिएको अवस्थाको चित्रण छ, यो लेखमा । तर यस्तो दुरावस्था भएको अस्पताल कुन हो, लेखबाट खुल्दैन । यद्यपि, पश्चिमाञ्चलको ठूलो अस्पताल भनिएकोले पश्चिमाञ्चल क्षेत्रीय अस्पताल हो कि भनेर अनुमान गर्न सकिन्छ ।

माथि चर्चा गरिएका प्रायः सामग्रीहरू पोखरा-केन्द्रित छन् । पोखराको सेरोफेरोका ग्रामीण इलाका र अन्य छिमेकी नगरका समाचार नगण्य छन् ।

तनहुँमा अव्यवस्थित पशुपालनका कारण वातावरण प्रदूषित भएको समाचार २६ फागुनको *आदर्श समाज*मा छापिएको छ (सुमन बस्नेत २०५८) । पोखरा-बाहिरका केही सामग्री पनि पोखरेली अखबारमा समावेश गरिएका हुन्छन् तर यी सामग्री या राससबाट लिइएका हुन्छन् या *सरसफाइ लेखमाला, महिला लेखमाला,* आदिबाट साभार गरिएका ।

राजधानीमा साँझ बिहान तरकारी तथा फलफूल किनबेचका लागि हजारौं व्यक्तिको भीड लाग्ने कालीमाटी फलफूल तथा तरकारी थोक बजार फोहर, दुर्गन्ध र बजार अव्यवस्थापनको चपेटामा परेको फिचर १५ माघको *आदर्श समाज*ले प्रकाशन गरेको छ (सूर्यचन्द्र बस्नेत २०५८) । यो फिचर राससबाट लिइएको हो । राजविराज नगरपालिका र वरपरको क्षेत्रमा लामखुट्टे र भुसुनाको सङ्ख्यामा एक्कासी वृद्धि हुँदा त्यस क्षेत्रको जनजीवन प्रभावित बनेको समाचार *पोखरा हटलाइन*मा छ (रासस २०५८ख) । नगरपालिकाले लामखुट्टे, भुसुना, झिँगा नियन्त्रणका लागि ढल, चोक र गल्लीमा समयमा नै कीटनाशक औषधी नछर्केकाले टाउको दुख्ने, रिङ्गटा लाग्ने, बान्ता आउने, ज्वरो आउने गरेको उक्त समाचारमा उल्लेख छ । त्यस्तै, धूमपानले हावा दूषित गराउँछ र सँगै बस्नेले गरेको धूमपानको असर अरूलाई पनि पर्दछ भन्ने भाव भएको फिचर लेख १८ जेठको *आदर्श समाज*मा छापिएको छ (रासस २०५८ग) । राससले तयार पारेको यस लेखमा धूमपान गर्ने नेपाली महिला र पुरुषको प्रतिशतलगायतका तथ्याङ्क प्रस्तुत गरिएको छ । विश्व स्वास्थ्य सङ्गठनको प्रतिवेदनमा आधारित रहेको सो लेखले नेपालमा ६० करोड खिल्ली चुरोट वार्षिक खपत हुने र करिब ८५ प्रतिशत पुरुष तथा ७१ प्रतिशत महिलाले धूमपान गर्छन् भनिएको छ । त्यस्तै, सुर्ती उत्पादनका लागि विश्वमा दुई लाख हेक्टर जङ्गलको काठ नाश गरिने र ७० अर्ब टन कागज चुरोट बेर्ने काममा प्रयोग गरिने जानकारी उक्त लेखले दिन्छ ।

जथाभावी दिसा-पिसाव गरिँदा बस्ती दुर्गन्धित त हुन्छ नै, रोगको प्रकोप पनि बढी नै हुन्छ । कतिपय बस्तीमा चर्पीको प्रयोग नहुने र खुला ठाउँमा यत्रतत्र दिसा-पिसाव गर्ने चलन छ । तर घरमै चर्पी भएर पनि बाहिर दिसा-पिसाव गर्न रुचाउने मानिसहरू पनि नेपाली समाजमा छन् । २१ भदौको *पोखरा हटलाइन*मा छापिएको भरत पोखेलको लेखले यही कुरा बताउँछ (पोखेल २०५८) । *सरसफाइ लेखमाला*बाट साभार गरिएको यस लेखमा वर्णन गरिएका बस्तीहरू चितवन जिल्लाका हुन् । *आदर्श समाज*मा नै ओजोन तहको क्षयीकरणका केही प्रक्रियालाई समेटिएको लेख असोज ५ गतेको अङ्कमा छापिएको छ (अधिकारी २०५८) । अत्याधुनिक हातहतियार उत्पादन र प्रयोग गर्दा निस्कने विषालु ग्याँस, औद्योगिक प्रतिष्ठानबाट निस्कने दूषित ग्याँस, क्लोरोफ्लोरो कार्बन, नाइट्रिक अक्साइड, विभिन्न कीटनाशक रसायन इत्यादिका कारण पृथ्वी र यहाँ बसोबास गर्ने जीवहरूको सुरक्षा कवचका रूपमा रहेको

ओजोन तह क्षयीकरण भएको र यसले वातावरणमा प्रतिकूल पार्ने अधिकारीको लेखले जानकारी दिन्छ ।

सरकारले काठमाडौं उपत्यकामा रहेको हिमाल सिमेण्ट कारखानालाई राजधानीको वायु प्रदूषणका प्रमुख कारणमध्येको एक मानेर त्यसलाई काठमाडौं बाहिर लैजाने निर्णय गर्‍यो । यस विषयलाई पोखरेली छापाले सकारात्मक प्रयासका रूपमा लिएको पाइन्छ । *आदर्श समाज*ले सरकारले ढिलै भए पनि दह्रो र साहसिलो कदम चालेको भन्दै उक्त निर्णयलाई सम्पादकीयमार्फत स्वागत गरेको छ (आदर्श समाज २०५८ङ) । नेपालका शहरहरूको मुख्य बजार क्षेत्रमा अव्यवस्थित रूपमा 'अटो वर्कसप' राखिएको पाइन्छ । यसले शहरको सौन्दर्य बिगार्ने मात्र नभै सडक अतिक्रमण गरी राखिएका सवारी साधनले गर्दा दुर्घटना हुनसक्छ । यसै तथ्यलाई मनन गरेर बुटवल नगरपालिकाले यस्ता 'वर्कशप'लाई मुख्य शहरी इलाकाबाहिर तिनाउ नदी किनार-स्थित मैना बगरमा 'अटो इन्जिनियरिङ्ग भिलेज' बनाई स्थानान्तरण गर्ने निर्णय गरेको थियो । यस विषयलाई पनि स्वागतयोग्य र अनुकरणीय प्रयासका रूपमा लिँदै *आदर्श समाज*ले फागुन १४ गते सम्पादकीय प्रकाशन गरेको छ (आदर्श समाज २०५८च) । पोखरालगायत अन्य नगरपालिकाले शहर प्रदूषित गर्ने तथा शहरको शोभा घटाउने यस्ता 'वर्कशप'लाई शहरभन्दा बाहिर लैजानुपर्ने सुझाव सम्पादकीयमा छ ।

छापामा प्रस्तुत यी सामग्रीहरूले वातावरण प्रदूषणसम्बन्धी सहज उपलब्ध र औपचारिक सामग्रीहरूलाई समेटेको पाइन्छ अर्थात् सामग्रीहरू घटनावलीहरूले डोहोर्‍याएका छन् । गोष्ठी भयो, समाचार आयो; मुद्दा हालियो, समाचार आयो । तर, अरूबेला सामग्रीहरू हराउँछन् । समग्रमा भन्दा वातावरण प्रदूषणसम्बन्धी समाचारहरू केही हदसम्म समेटिएका छन् र यससम्बन्धी काम गर्ने सरकारी तथा गैर सरकारी निकायलाई अप्रत्यक्ष दबाब पनि दिइराखेका छन् । यी सामग्रीहरू प्रायः पोखराको पनि बजार-केन्द्रित छन् । पोखराबाहेकका स्थानका सामग्रीहरू अधिकांश अन्यत्रबाट साभार गरी प्रकाशन गरिएका हुन् । पत्रिकाका आफ्नै सामग्रीभन्दा साभार गरिएका सामग्रीहरू केही स्तरीय देखिन्छन् । तर वातावरण प्रदूषणसम्बन्धी खोजमूलक समाचारको अभाव देखिन्छ । पोखराका छिमेकी गाउँ र नगरपालिकाका वातावरणीय समस्या पनि समेट्न सकेका छैनन् यी पत्रिकाहरूले । पोखराकै पनि कतिपय सम्वेदनशील विषयहरूमा यी पत्रिका मौन छन्– वायु प्रदूषण, यसको प्रमुख कारणमध्येको सवारी साधनको बढ्दो चाप, अस्पताल र नर्सिङ होमको फोहर, इत्यादि । वातावरण प्रदूषणबारे जेजति प्रसङ्गहरू उठेका छन् तिनमा प्रदूषणले समाजमा पार्ने फरक फरक असरको चर्चा हुन सकेको छैन । तसर्थ वातावरणीय न्यायको दृष्टिकोणले छापामा आएका यी सामग्रीलाई कमजोर नै मान्नुपर्छ ।

## *सुकुमबासी समस्या र सार्वजनिक जग्गा अतिक्रमण*

बढ्दो शहरीकरण र आधुनिकीकरणसँगै तीव्र रूपमा बढ्दै गएको जनसङ्ख्याले शहरी बसोबास निकै प्रभावित छ । परिवार विस्तार र विखण्डन तथा सुक्री-बिक्रीले निजी जग्गा-जमिनहरू स-साना टुक्रामा बाँडिएका छन्; जग्गाको भाउ आकाशिंदो छ । अनि सार्वजनिक जग्गा-जमिनहरू पनि अतिक्रमण हुँदै जाँदा समाप्तप्रायः भएका छन् । सार्वजनिक जमिन हडप्न पञ्चायतकालदेखि नै शुरु गरिएको हो । प्रजातन्त्र पुनर्स्थापनापश्चात पनि यो क्रम रोकिएन । राजनीतिक दलहरूको दाउपेचले जग्गा बाँडफाँड राम्ररी नगरिँदा यो समस्या झन् चर्केको छ । सार्वजनिक जग्गामाथि धेरैथरीको गिद्धेदृष्टि परेको छ । सँधियारहरूले थोरै-थोरै गर्दै बिस्तारै सार्वजनिक जग्गा मिच्ने गरेका छन् भने सुकुमबासीहरूले पनि प्रायः सार्वजनिक जग्गा नै ओगटेका छन् । कतिपय अवस्थामा सुकुमबासीको बहानामा सम्पन्न व्यक्तिहरू–चल्तीको बोलीमा हुकुम्बासी–ले नै सार्वजनिक जग्गामा आधिपत्य जमाएका छन् । बचेखुचेको जग्गा विभिन्न सङ्घ-संस्थाले ओगटेको पाइन्छ । बालबालिकालाई खेल्ने ठाउँ-समेत बाँकी छैन पोखरामा (गिरी र अधिकारी २०५९) ।

पोखरामा २०५८ सालमा सुकुमबासी समस्या चर्किएको देखियो । रातारात सार्वजनिक जग्गा र केही ठाउँमा निजी स्वामित्वको जग्गा पनि सुकुमबासीका टहराले ढाकिएको देख्न पाइन्थ्यो । सुकुमबासीहरू हट्न नमानेपछि प्रशासनले बलपूर्वक हटाउने र ती बस्तीमा आगो लगाइदिनेसम्मका घटनाहरू भए । यस्ता घटनाहरूको प्रतिच्छायाँ पोखरेली अखबारहरूमा देखिन्छ ।

१९ जेठको *आदर्श समाज*मा 'अस्पतालको जग्गामा सुकुमबासी बस्ती' शीर्षकमा समाचार प्रकाशित छ (आदर्श समाज २०५८छ) । समाचार पश्चिमाञ्चल क्षेत्रीय अस्पतालको प्रयोगशालाको जग्गामा सुकुमबासीहरूले टहरा बनाई बस्न थालेको विषयमा छ । अस्पताललाई आवश्यक पर्ने जग्गा सुकुमबासीले हडप्दा पनि त्यसलाई हटाउने दायित्व बोकेका जिम्मेवार निकायहरू पन्छिन खोजेको समाचारले लेखेको छ । समाचार भन्छ– अस्पतालका 'मेडिकल सुपरिन्टेन्डेन्ट' सोमतसिंह तुलाचनले सुकुमबासी हटाउने काम सम्बन्धित निकायको हो भने; पोखरा उपमहानगरपालिकाका मेयर कृष्ण थापाले सुकुमबासीलाई त्यहाँबाट हटाउने र सार्वजनिक सम्पत्तिको सुरक्षा गर्ने जिम्मा प्रमुख जिल्ला अधिकारी (प्रजिअ)को भएको बताए; सुकुमबासी समस्या समाधान आयोग कास्कीका भुवनेश्वर पोखरेलले अस्पतालको लालपूर्जा भएको जग्गामा सुकुमबासी बसेकाले बस्न दिने नदिने कुरा अस्पतालको भएको बताए । त्यस्तै; प्रजिअले सुकुमबासी हटाउन प्रहरी उपलब्ध गराउन सकिने बताए पनि स्थानीय निकाय स्वयं नै आफ्नो सम्पत्तिको सुरक्षा गर्ने अधिकारी भएको बताएका थिए । अर्थात् एकले अर्कोलाई औंल्याएर आफू चोखिने या उत्तरदायित्वबाट पन्छने प्रचलन यथेष्ट छ ।

पोखरा उपमहानगरपालिका वडा नम्बर १७ छोरेपाटन नजिकको सिमलटुँडा, पिपलटारी र धैरेनी आसपासको सार्वजनिक जग्गा "वर्षौंदेखि स्थानीय बास्तोला परिवारको दुहुनो गाई" बनेको समाचार *आदर्श समाज*ले २० असारमा प्रकाशन गरेको छ (आदर्श समाज २०५८ज) । 'भू-माफियाहरूको शब्द-जालभित्र फँसेका सुकुमबासीहरू अलपत्र परे' शीर्षकको सो समाचारमा अदालतले नै सार्वजनिक भनेर फैसला गरेको जमिनलाई बास्तोला परिवारले सोझा सुकुमबासीलाई लालपूर्जा पछि बनाउने भनी घडेरी बेच्ने गरेको उल्लेख छ । त्यसबाहेक, उक्त स्थानको जग्गामध्ये ५ रोपनी जमिन छोरेपाटन उच्च माध्यमिक विद्यालयलाई दिएर बास्तोलाहरूले समाजिक सम्मानसमेत लिएको उक्त समाचारमा आरोप लगाइएको छ ।

पुस ५ गते *पोखरा हटलाइन*ले पोखरामा भैरहेको अव्यवस्थित बसोबासलाई सम्बोधन गर्दै 'व्यवस्थित बसोबासको आवश्यकता' शीर्षकमा सम्पादकीय छापेको छ (पोखरा हटलाइन २०५८घ) । सम्पादकीयमा हचुवा किसिमले शहरको सौन्दर्य बिगार्ने, जथाभावी फाहोरमैला गर्नेदेखि लिएर शहरमा अव्यवस्थित निर्माण गर्ने र बस्ती बसाल्ने कार्यलाई दुरुत्साहन गरिनुपर्ने लेखिएको छ । सुकुमबासीसम्बन्धी अर्कै सम्पादकीयमा *पोखरा हटलाइन* लेख्छ–

> पोखरामा वास्तविक सुकुमबासी १० प्रतिशत पनि छैनन् भन्ने कुरा सुकुमबासीका नाउँमा जग्गा हडप्नेहरूको वास्तविक हैसियतको पहिचानबाटै थाहा हुन्छ । सुकुमबासीका नाउँमा बस्नेले रातारात लाखौं खर्च गरेर घर बनाउनेदेखि लिएर घरमा अत्याधुनिक सामग्री जोड्ने मात्र होइन बस, ट्रक, टचाक्सी राख्नसक्ने छन् । सुकुमबासीले आफू बसेको टोलमा निजी रूपमा बाटो पिच समेत गर्न सक्ने हैसियत देखाउँछन् भने तिनीहरूलाई कसरी सुकुमबासी भन्न मिल्छ ? (पोखरा हटलाइन २०५८ङ) ।

सुकुमबासीका रूपमा घडेरी सित्तैमा लिन पाएपछि गैर सुकुमबासीहरूको प्रयास अस्वभाविक होइन तर त्यसलाई व्यवस्थापन गर्ने र उचित बन्दोबस्त मिलाउने निकायहरू सुकुमबासी समस्या समाधान आयोग, स्थानीय निकाय तथा स्थानीय प्रशासनको कमजोरीले नै सार्वजनिक जग्गामा सुकुमबासीका नाउँमा हुनेखानेहरूले बस्ती बसाल्न सकेका हुन् ।

पोखरा उपमहानगरपालिकामा प्रशस्तै सार्वजनिक जग्गा व्यक्तिको नाममा दर्ता भैसकेको र केही हुने क्रममा छन् । *पोखरा हटलाइन*ले सार्वजनिक जग्गाको अतिक्रमणबारे केही खोजपूर्ण समाचार पनि प्रकाशन गरेको पाइन्छ । सार्वजनिक जग्गा व्यक्तिको नाममा दर्ताका लागि मालपोत कार्यालयमा ३४० वटा निवेदन परेको र तीमध्ये २८९ वटा निवेदन नापीको फिल्डबुकमा पर्ति उल्लेख भएको जमिनका लागि भएको *पोखरा हटलाइन*को १९ पुसको अङ्कमा प्रकाशित छ (पोखरा हटलाइन २०५८च) । लेखनाथ नगरपालिकामा सार्वजनिक जग्गा दर्ता

गर्ने व्यक्ति, जग्गाको कित्ता नम्बर र संलग्न मतियारहरूको नाम समेत किटानी-साथ खुलाइएको खोजपूर्ण समाचार केशवशरण लामिछानेको नाममा पुस २५ गतेको *पोखरा हटलाइन*मा प्रकाशित छ (लामिछाने २०५८क) । यस विषयमा २७ पुसको *पोखरा हटलाइन*ले 'भू-माफियालाई सजायँ गरिनुपर्दछ' शीर्षकमा सम्पादकीयसमेत प्रकाशन गरेको थियो (पोखरा हटलाइन २०५८छ) । "सार्वजनिक जग्गा निजी बनाउनेहरूलाई हदैसम्मको सजायँ गरिनुपर्छ तब मात्रै भू-दलालहरूले फेरि त्यसो गर्ने हिम्मत गर्दैनन्" भनेर सम्पादकीयमा लेखिएको छ । लामिछानेकै यही विषयको अर्को समाचार १ फागुनको *पोखरा हटलाइन*ले छापेको छ (लामिछाने २०५८ख) । सुकुमबासी समस्या समाधान आयोगले २०५२ सालमा सार्वजनिक जमिन र जङ्गल व्यक्तिका नाममा दर्ता गराए पनि सर्वोच्च अदालतले दर्ता बदर गर्न मालपोत कार्यालय र आयोगलाई आदेश दिइसकेको तर अहिले आयोग पुनर्गठन नभएकोले जग्गा दर्ता गर्न विलम्ब भएको लामिछानेको समाचारमा उल्लेख छ ।

'... अनि सकुम्बासी बस्ती क्षण भरमै खरानी भयो'; *आदर्श समाज*मा साउन १८ गते प्रकाशित एउटा समाचारको शीर्षक हो (धौलागिरी २०५८) । पोखरा उपमहानगरपालिका वडा नम्बर ११ तुलसी घाटमा व्यक्तिगत जमिनमा सुकुमबासीले अकस्मात टहरा बनाएपछि जग्गा-धनी र स्थानीय बासिन्दाको अनुरोधमा प्रहरीले ती सुकुमबासीलाई धपाउनुको साथै टहरा भत्काई आगो लगाइदिएको सो समाचारमा उल्लेख छ । तस्वीरसहितको सो समाचारमा सुकुमबासी र प्रहरीबीच झडप भएको र प्रहरीले अश्रुग्याँस पनि प्रयोग गरेको थाहा हुन्छ । सो घटनाबाट आक्रोशित सुकुमबासीको प्रतिक्रिया थियो– "कसैले सम्हाल्न नसक्ने गरी धेरै जग्गा राख्ने; हामीले एउटा बास पनि नपाउने ? अझै, यो जग्गा त सरकारी हो; पछि मात्रै ठालूहरूले व्यक्तिगत बनाएका ।"

साउनको पहिलो सातादेखि पोखरा नगरको दक्षिण ल्याण्डफिल साइट निर्माणका लागि छुट्याइएको बाच्छेबुडुवामा ३ हजारको हाराहारीमा सुकुमबासीका टहरा बनेका थिए । तर तिनलाई हटाउने पहल कसैबाट हुन सकेको थिएन । सो स्थानमा सुकुमबासी बस्ती बसाउन माओवादी निकटको अखिल नेपाल सुकुमबासी सङ्घ लागेको थियो । माओवादी-सरकारबीच वार्ताको सन्दर्भ रहेको र माओवादीको चहलपहल खुलारूपमा बढेको समय भएकाले जवर्जस्ती सार्वजनिक जग्गामा बसेका ती सुकुमबासीप्रति कठोर बन्न कसैले नचाहेको देखियो । भदौ १८ गते *पोखरा हटलाइन*ले 'बाच्छेबुडुवाका सुकुमबासी स्थानान्तरण गर्न प्रशासनिक उदासीनता' शीर्षकमा समाचार प्रकाशन गरेको थियो (लामिछाने २०५८घ) । शीर्षकमा परेको स्थानान्तरण शब्दले पत्रिकाले सुकुमबासीप्रति लचिलो धारणा राखेको बुझिन्छ ।

असोज ९ गते प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा स्थानीय निकायका प्रमुख, विभिन्न कार्यालयका प्रमुख तथा राजनीतिक पार्टीका प्रतिनिधिको बैठकले

बाच्छेबुडुवाका सुकुमबासीलाई तीन दिनभित्र हट्नको लागि सार्वजनिक सूचना प्रकाशन गर्ने र सो अवधिभित्र नहटेमा प्रशासनिक कार्वाही गर्ने निर्णय गरेको थियो (आदर्श समाज २०५८भ, पोखरा हटलाइन २०५८भ) । तर तीनदिने अल्टिमेटमको आखिरी दिनमा सुकुमबासीहरूले नगरपालिकाको वडा नम्बर १८ को कार्यालय भवनमा दिउँसै आगो लगाई नष्ट बनाइदिए (आदर्श समाज २०५८ञ, पोखरा हटलाइन २०५८ञ) भने प्रहरीले पनि पछि बलपूर्वक टहराहरू जलाएर सो स्थानबाट सुकुमबासी हटाएको थियो । बाच्छेबुडुवाका यी घटना मुख्य समाचारका रूपमा पोखराका सबै पत्रिकामा छापिए; *आदर्श समाज*मा तस्वीर पनि छापिएको छ (आदर्श समाज २०५८ट) ।

यसै बखत सुकुमबासीको अतिक्रमणमा अमरसिंह उच्च माध्यमिक विद्यालय पनि परेको थियो । विद्यालयको खुला चौरमा रातारात प्लास्टिकका टहरा ठडयाएर बस्ती निर्माण गरिएको थियो । रातारात निर्मित सो बस्ती हटाउन विद्यालयले पहल गरेको थियो । विद्यालयको जमिनमा बस्ती बसाउने कुराको विरोध गर्दै ३१ साउनको *पोखरा हटलाइन*ले आफ्नो सम्पादकीयमा लेखेको छ– "यस्तो सम्वेदनशील विषयमा उकास्ने र उकासिने काम कोही कसैबाट नहोस्" (पोखरा हटलाइन २०५८ज) ।

सुकुमबासीलाई प्रहरी प्रशासनद्वारा हटाइने अर्को घटना माघ २ गते भयो । फेवाताल किनारको गाईघाटमा बस्दै आएका २५ परिवार सुकुमबासीलाई फेवाताल संरक्षणको नाममा हटाइयो । भोलिपल्टका अखबारअनुसार ती सुकुमबासीहरू त्यहाँ ४५ वर्षदेखि बस्दै आएका थिए (केसी २०५८) । फेवा-तालको सीमादेखि ५० मिटरभित्र घर निर्माण गरेको भनी नगरपालिकाले वर्षौं अघिदेखि उनीहरूलाई हटाउन खोज्दा सकेको थिएन तर मुलुकभर सङ्कटकाल लागू भएको मौका पारी हटाएको जानकारी समाचारमा दिइएको छ । समाचार-अनुसार पीडित सुकुमबासीले दुखेसो पोख्दै 'तालको मापदण्ड कायम गरिने हो भने सबैलाई एउटै नियम लगाइनुपर्ने' भनेका थिए । तालको किनारमा रहेको रत्न मन्दिर, फिसटेल लज एवं दर्जनौं 'कङ्क्रिट बिल्डिङ्ग'लाई नगरपालिकाको नियमले छुन सकेन; निमुखा सुकुमबासीलाई लखेट्न सक्यो । समाचार पढ्दा पत्रिकाहरूको सुकुमबासीको पक्षमा सामान्य सहानुभूति रहेको महसुस हुन्छ । कसरी उस्तै नियमबाट धनी र प्रभावशालीहरूले उन्मुक्ति पाउँछन् र गरिबहरू मात्र लक्षित हुन्छन् भन्ने राम्रो उदाहरण हो यो । तर पत्रिकाहरूले यो नियमको असमान कृयान्वयनप्रति ओजपूर्ण आवाज उठाउन सकेनन् ।

पोखरामा सार्वजनिक जमिन अतिक्रमण र सुकुमबासी समस्या ठूलो र जटिल समस्या हो । अध्ययनमा परेका अखबारले यसलाई स्वीकारेको पाइयो । जमिन अतिक्रमणका घटनामा संलग्न व्यक्ति, तिनका मतियार तथा जग्गाको कित्ता नम्बरसमेत उल्लेख गरी समाचार छापेर *पोखरा हटलाइन*ले केही राम्रा प्रयास गरेको हो । तर रीत पुऱ्याएरै सार्वजनिक जमिनलाई विभिन्न

सङ्घसंस्थाले हडपेका उदाहरण पोखरामा प्रशस्तै छन् । त्यसतर्फ पत्रिकाको ध्यान पुग्न सकेको छैन । शहरी जीवन उकुसमुकुस बन्दै गएको परिस्थितिमा थकाइ लाग्दा सुस्ताउने र टहलिनेदेखि बालबालिकाका लागि क्रिडास्थलका रूपमा पनि खुला जमिन जोगाउनुपर्नेतर्फ जोडदार आवाज पत्रिकाका सामग्रीले उठाउन सकेका छैनन् ।

## *ल्याण्डफिल साइट विवाद*

दोस्रो पर्यटन पूर्वाधार विकास आयोजनाअन्तर्गत पोखरा उपमहानगरपालिका-लाई एसियाली विकास ब्याङ्कले वातावरण सुधार आयोजनाको लागि ऋण र अनुदान गरी ३६ करोड ७० लाख रुपियाँ दिएको थियो । २०५३ साल साउनबाट शुरु गरिएको सो आयोजनाअन्तर्गत ल्याण्डफिल साइट निर्माण पनि पर्दछ (गुरुङ २०५७) । ल्याण्डफिल साइट निर्माणका लागि नगरपालिकाले वडा नम्बर १८ मा पर्ने बाच्छेबुडुवाको जमिन उपयोग गर्ने निर्णय गरे पनि सो जमिनको छनोट प्रक्रियामा स्थानीय बासिन्दाको सहभागिता/सहमति हुन सकेन । फलतः स्थानीय बासिन्दाले ल्याण्डफिल साइट निर्माणको विरोध गरे र निर्माण कार्य अवरुद्ध भयो ।

२०५८ साल वैशाख अन्ततिर नगरपालिकाले ल्याण्डफिल साइटको निर्माण कार्य पुनः आरम्भ गर्न खोजेको थियो । तर आरम्भ गरिएको दिनमा स्थानीय महिलाहरूले धर्ना दिएका कारण ल्याण्डफिल साइट फेरि रोकिएको थियो (पोखरा हटलाइन २०५८ट) । यस घटनालाई स्वाभाविक मान्दै "सडक, बत्ती, पानी, टेलिफोन जस्ता सुविधाबाट वञ्चित त्यस भेकका जनतालाई नगर-पालिकाका तर्फबाट सुविधाहरू पुऱ्याइदिने र अत्याधुनिक किसिमको ल्याण्डफिल साइट निर्माणमा त्यस क्षेत्रका जनताले पनि सहयोग पुऱ्याउने हो भने दुवैतर्फको समस्या न्यून हुनसक्छ" भन्ने तर्क *पोखरा हटलाइन*ले सम्पादकीय-मार्फत व्यक्त गरेको थियो (पोखरा हटलाइन २०५८ठ) ।

नेपाल पर्यटन बोर्डका सदस्य विश्वशङ्कर पालिखेले ल्याण्डफिल साइटले प्रस्तावित अन्तर्राष्ट्रिय विमानस्थललाई बाधा पार्ने बताउँदै पोखरामा ल्याण्डफिल साइट आवश्यक नभएको र यहाँको अधिकांश फोहरमैला घरमै मलको रूपमा प्रयोग गर्न सकिने र कम्पोस्ट मल बनाई विदेशमा बेच्नसमेत सकिने बताउनु भएको थियो । यस तर्कको प्रतिवाद *पोखरा हटलाइन*ले आफ्नो सम्पादकीयमार्फत गरेको थियो । "पोखराको मुख्य बजारबाहेकका बस्तीमा ग्रामीण परिवेश नै रहेको र प्रत्येक फोहरको वर्गीकरण गरी कुनैबाट मल, कुनैबाट ग्याँस र कुनैलाई विदेशमा निर्यातयोग्य वस्तु बनाएर खपत गराउन तत्कालका लागि असम्भव भएकाले ल्याण्डफिल साइट आवश्यक छ" भन्ने तर्क पत्रिकाको रहेको थियो (पोखरा हटलाइन २०५८ड) । सोही सन्दर्भलाई *पोखरा हटलाइन*ले सम्पादकीयको विषयवस्तु बनाएको थियो । विमानस्थल र ल्याण्डफिल साइट

दुवै आवश्यक भएकाले दुवैलाई समन्वयात्मक ढङ्गले लैजानुपर्ने दृष्टिकोण सो पत्रिकाले राखेको देखिन्छ (पोखरा हटलाइन २०५८ढ)।

ल्याण्डफिल साइटको विवाद चलिरहँदा *आदर्श समाज*ले 'प्रजातन्त्रको माने फोहरको विरोध' शीर्षकमा सम्पादकीय लेखेको थियो (आदर्श समाज २०५८) । 'फोहरको विरोध गर्नेहरू वाहियात हुन्, स्वतन्त्रता धेरै भएकाले धेरै हल्ला भयो; विकासका काममा प्रजातन्त्रले अप्ठेरोमा पार्छ भने अलिकता बल पनि प्रयोग गर्नुपर्छ' सम्पादकीयमा भनिएको छ । फोहरमैला थुपार्ने ल्याण्डफिल साइट आफ्नो घरनजिक बनाउँदा जो सुकैले पनि विरोध गर्छ; त्यो स्वाभाविक हो । विकासको दुहाइ दिंदै फोहरका कारण वातावरणमा हुने प्रदूषण र जोखिम बहन गर्नुपर्ने समुदायलाई नै बलपूर्वक दबाएर भए पनि ल्याण्डफिल साइट बनाउनु पर्ने तर्क जायज होइन । यो वातावरणीय न्यायको प्रतिकूल हुन्छ ।

भदौ २८ मा नगरपालिकाका पदाधिकारी, स्थानीय प्रशासन, जिल्ला विकास समिति तथा पर्यटन बोर्डका सदस्यहरूको बैठकले १६ बुँदे सहमति कार्यान्वयन गरी ल्याण्डफिल साइट निर्माण कार्य अगाडि बढाउने निर्णय गरेको थियो (आदर्श समाज २०५८ड) । १६ बुँदे सहमतिमा नागरिक उड्डयन प्राधिकरणको निर्देशनअनुसार चरा हटाउने प्रविधिको अध्ययन गर्ने, ल्याण्डफिल साइटलाई 'सेनेटरी' ल्याण्डफिल साइट बनाइनुपर्ने, सिनु-लासलाई सो क्षेत्रमा फाल्न नदिने, चर्पीको दिसा पिसाब फाल्न नपाइने, प्रभावकारी जीवाणु प्रविधि-अन्तर्गत हरेक वडामा सय घरलाई सहुलियत दरमा बाल्टी उपलब्ध गराउने, आदि छन् । त्यस्तै, योजनालाई पोखरा उपमहानगरपालिका र पर्यटन बोर्डले कार्यान्वयन गर्नुपर्ने, जिविसले कागज, प्लास्टिक, थोत्रा कपडा, फुटेका सिसा, टिनहरूमा लिंदै आएको कवाडी कर हटाएर ती सामग्रीको निर्यात गर्न प्रोत्साहन दिने, ल्याण्डफिल साइटमा हुने फोहर पानीलाई प्रशोधन गरी मन्दिरभन्दा दक्षिणतिर फाल्ने, फोहर सङ्कलन कार्यलाई तालिकाबद्ध गरी छुट्टचाई सङ्कलित गर्ने, फोहरमैला घटाउन पुनःप्रयोग र पुनःप्रशोधनको सिद्धान्तलाई कार्यान्वयन गर्ने, आदि सो सहमतिका बुँदा हुन् । सहमतिका वाबजुद स्थानीय प्रतिकार समितिले कुनै हालतमा ल्याण्डफिल साइट निर्माण गर्न नदिने बताएको थियो (आदर्श समाज २०५८ढ) ।

'छिनेडाँडाका युवाहरूले ल्याण्डफिल साइट बनाउन दिने भए' भन्ने व्यहोराको समाचार १४ असोजको *पोखरा हटलाइन*मा छापिएको थियो (पोखरा हटलाइन २०५८ण) । समाचारअनुसार एसियाली विकास ब्याङ्कबाट प्राप्त सहयोग फिर्ता हुन नदिने, उपमहानगरपालिकाले सहमति बमोजिमको एसियाकै नमूना ल्याण्डफिल साइट निर्माण गर्नुपर्ने र वडा नम्बर १८ को विकासमा लगानी गर्नुपर्ने मागसहित ल्याण्डफिल साइट बनाउन दिने निर्णय स्थानीय युवा भेलाले गरेको थियो । उक्त भेलाले प्रतिकार समितिसँग ल्याण्डफिल साइटलाई

ढाल बनाएर वडाको विकासमा बाधा नदिन आग्रहसमेत गरेको थियो । त्यस्तै, पहिले विरोध गर्दै आएका राजनीतिक दलका नेताहरूले १६ बुँदे सहमति-पश्चात ल्याण्डफिल साइटप्रति सकारात्मक दृष्टिकोण राखेको पाइन्छ । मुलुकमा लागू भएको सङ्कटकालीन अवस्थाले ल्याण्डफिल साइटको निर्माणमा अनुकूल वातावरण सिर्जना गरिदिएकाले २५ मङ्सिरदेखि ल्याण्डफिल साइट निर्माण कार्य आरम्भ गरिएको थियो । यो कुराको पुष्टि *पोखरा हटलाइन*को 'ल्याण्डफिल साइट निर्माण कार्य अगाडि बढ्दैछ' शीर्षकको सम्पादकीयले गर्छ (पोखरा हटलाइन २०५८त) ।

सङ्कटकालको उपयोग गर्दै ल्याण्डफिल साइट निर्माण कार्य अघि बढे पनि प्रतिकार समितिका सदस्यहरू सन्तुष्ट भएको देखिँदैन । 'कहिलेसम्म सङ्कटकाल अवस्था लाग्दोरहेछ, हेरौंला, त्यसपछि हामीले जानेका छौं' भन्ने चुनौती समितिका सदस्यहरूले दिएको ५ माघको *आदर्श समाज* पढेपछि थाहा हुन्छ (आदर्श समाज २०५८ण) । ल्याण्डफिल साइट निर्माण कार्य अगाडि बढ्दै गर्दा सो स्थानमा बम विस्फोट गराइएकोले एक्स्केभेटर र रोलर ध्वस्त भएका थिए (आदर्श समाज २०५८त, हटलाइन २०५८थ) । विस्फोटनपछि पनि जारी रहेको निर्माण कार्य आवश्यक रकमको अभावमा बन्द भयो । ७ चैतको *पोखरा हटलाइन*मा छापिएको 'ल्याण्डफिल साइट निर्माण गर्न थप ७ करोड ऋण माग, ऋण नपाए निर्माण पूरा नहुने' शीर्षकको समाचारले त्यही सङ्केत गर्छ (लामिछाने २०५८घ) । प्रारम्भको 'इष्टिमेट' परिवर्तन भै लागत बढेको र छुट्ट्याइएको रकम नपुग भएको समाचारमा जनाइएको छ ।

ल्याण्डफिल साइटको विषयमा आएका सामग्रीमध्ये समाचार नै धेरै छन् । ल्याण्डफिल साइटका लागि जमिन छनोट गर्ने क्रममा स्थानीय जनतालाई निर्णयमा सहभागी नगराइनु, सहमति नलिनु गल्ती थियो भन्ने कुरालाई *पोखरा हटलाइन*ले औंल्याएको छ र अझै पनि स्थानीय व्यक्तिसँग सम्झौता गरिनुपर्ने धारणा लिएको छ । तर *आदर्श समाज*को बल प्रयोग गरेरै भए पनि ल्याण्डफिल साइट बनाइनुपर्ने तर्क छ । अखबारहरूमा ल्याण्डफिल साइटबारे लेखहरू पाइएनन् । डम्पिङ्ग साइट कस्तो हुनुपर्ने, के-के फाल्न हुने, के-के नहुने, स्थानीय समुदायलाई कस्ता सुविधा दिइनुपर्ने जस्ता विषयहरूमा बहस चलाउने खालका लेखहरू आउन सकेको भए सहमतिको वातावरण बन्न सक्थ्यो । तर त्यसो हुन सकेको पाइएन ।

भुषण तुलाधरले काठमाडौंको फोहरमैला व्यवस्थापनको समस्यालाई विश्लेषण गर्दै यसलाई प्राविधिक समस्या नभै संस्थागत कमजोरी ठहऱ्याउनु भएको छ (तुलाधर सन् १९९६) । फोहर व्यवस्थापनमा राजनीतिज्ञ तथा उच्च पदस्थ कर्मचारीको जोड ठूला आयोजना ल्याउने, दातृ संस्था गुहार्नेतर्फ हुन्छ । तर अधिकांश अवस्थामा स्थानीय ज्ञान र प्रविधिमार्फत नै काठमाडौंको फोहर तह लगाउन सकिन्छ भन्ने निष्कर्ष तुलाधरको छ । जैविक फोहरबाट कम्पोस्ट

मल बनाउने हो भने बाँकी फोहरका लागि सानै डम्पिङ्ग साइट पर्याप्त हुने तुलाधरको तर्क छ । पोखराको फोहर व्यवस्थापनको सन्दर्भमा पनि यो मननीय छ । सकेसम्म कम फोहर उत्पादन गर्ने, प्लास्टिकजन्य वस्तुको कम प्रयोग र पुनःप्रयोग गर्ने, जैविक फोहरबाट घरेलु स्तरमा नै कम्पोष्ट मल बनाउने, जस्ता विषयमा शिक्षाप्रद सामग्री छापाले प्रस्तुत गर्न सकेको त छैन नै, फोहर अव्यवस्थापनबाट कसरी गरिब-गुरुवानै बढी प्रभावित हुन्छन् भन्ने तथ्य पनि प्रस्तुत हुन सकेको छैन ।

## *भू-क्षय तथा बाढी-पहिरो*

वर्षायामको प्रारम्भसँगै अत्यधिक वर्षाका कारण बाढी-पहिरो र भू-क्षयले वर्षेनी ठूलो धन-जनको क्षति हुनेगर्छ । यस्ता प्राकृतिक प्रकोपका घटना सम्बन्धमा अध्ययनमा परेका पत्रिकाहरूमा सामग्रीहरू छापिएका छन् । पत्रिकामा आउने समाचारहरूमा कहाँ, कसको, कति क्षति भयो भन्ने जानकारी समावेश गरिएको हुन्छ । त्यसैगरी, घटनापश्चात राहत सामग्री वितरण, उद्धारकार्य, आदिबारे पनि समाचार आएका छन् ।

घटनापछि उद्धार र राहतसम्बन्धी काम हुने गरे पनि सम्भावित खतराबारे पूर्व सावधानी अपनाउने र खतरा कम गर्ने उपायतर्फ कमैको मात्र ध्यान गएको पाइन्छ । कास्की जिल्लाको आर्बामा भदौ १ र ६ गते गएको पहिरोले ठूलै क्षति पुऱ्यायो । जिल्ला दैवि-प्रकोप उद्धार समितिले केही राहत सामग्री पीडितलाई त दियो तर आवश्यक तार जाली उपलब्ध गराउन नसकेपछि २५ घर पहिरोको खतरामा परिरहेको समाचार *पोखरा हटलाइन*ले छापेको छ (पोखरा हटलाइन २०५८द) । सोही पत्रिकाको भोलिपल्टको अङ्कमा जिल्ला दैवि-प्रकोप उद्धार समितिको बैठक बसेको र बजेटको अभाव भएकाले तत्काल केन्द्रीय दैवि-प्रकोप उद्धार समितिबाट ५ लाख रुपियाँ माग गर्ने तथा पहिरो जानसक्ने अन्य सम्भावित क्षेत्रमा तटबन्ध लगाउन २ हजार थान जाली जलस्रोत मन्त्रालयबाट झिकाउने निर्णय गरेको समाचार प्रकाशित छ (पोखरा हटलाइन २०५८ध) । तत्काल आवश्यक पर्ने जाली उपलब्ध गराउन विलम्ब भएको कुरालाई यी अखबारले राम्ररी उजागर गर्न सकेका छैनन् ।

अधिराज्यका कुनै भागमा वर्षाले ठूलो क्षति बनाएकै समयमा कुनै भागमा भने खडेरी परिरहेको अवस्था पनि पाइन्छ । १४ भदौको *आदर्श समाज*को पहिलो पृष्ठमा छापिएका 'बाढी-पहिरोमा परी दुई दर्जनभन्दा बढीको मृत्यु' र 'खडेरीका कारण किसानले धान रोप्न पाएनन्' भन्ने समाचारले अतिवृष्टि र अनावृष्टि एकैसाथ भएको प्रस्टयाउँछन् (आदर्श समाज २०५८थ, आदर्श समाज २०५८द ) । पहिलो समाचारमा अर्घाखाँची, गुल्मी, बाग्लुङ र दोलखा जिल्लामा पहिरोको कारण धन-जनको क्षति भएको र दोस्रो समाचारमा झापा, सुनसरीलगायत तराईका केही जिल्लामा लामो खडेरीका

कारण हजारौं बिगाहा जमिन बाँझो रहेको उल्लेख गरिएको छ । बाढी-पहिरोमा मानिस र घरपालुवा जनावर मात्रै होइन, जङ्गली जनावर पनि नराम्ररी प्रभावित हुन्छन् । *आदर्श समाज*मा पहिरोका कारणले दुई दर्जनभन्दा बढी बाँदरको मृत्यु भएको समाचार प्रकाशित छ (आदर्श समाज २०५८घ) । समाचारअनुसार पर्वतको लिमीठानामा एकै रूखमा बास बसेका ती बाँदरहरू पहिरोले रूख बगाएपछि मरेका हुन् ।

साउन २४ गते भू-संरक्षण दिवसको अवसर पारेर *आदर्श समाज*ले यससम्बन्धी तीनवटा लेखहरू प्रकाशन गरेको थियो । सुरेन्द्र पराजुली 'सुप'को लेखले 'प्राकृतिक स्रोतमाथि विवेकहीन तरिकाले अतिक्रमण गरी दुरुपयोग गरिदिनाले बाढी-पहिरो र भू-क्षयबाट वर्षेनी मानिस र जीवजन्तु मृत्युको शिकार हुन्छन् तसर्थ प्राकृतिक स्रोतको उपयोगमा वातावरणीय विनाश हुनदिनु हुँदैन' भन्छ (पराजुली 'सुप' २०५८क) । अर्को लेखमा विष्णु तिमिल्सिनाले भू-क्षय नियन्त्रणका लागि वन तथा जलाधार क्षेत्र संरक्षण गरिनुपर्ने र यसका लागि व्यापक जनसहभागिता परिचालन गरिनुपर्ने तर्क अघि सार्नुभएको छ (तिमिल्सिना २०५८) । तेस्रो लेख 'वातावरण विनाशमा भू-क्षय र भू-संरक्षणको आवश्यकता' शीर्षकमा प्रकाशित छ । भू-संरक्षण जस्तो गम्भीर विषयलाई भू-संरक्षण दिवसको दिनमा मात्र सीमित नराखी राष्ट्रिय नीति तथा कार्यक्रममा प्रमुख रूपमा उठाएर कार्यान्वयनको प्रक्रिया अगाडि बढाउनुपर्छ भन्ने धारणा लेखकको छ (ढकाल 'प्रतीक्षा' २०५८) । भू-संरक्षण दिवसमै भए पनि *आदर्श समाज*ले यससम्बन्धी तीन लेख प्रकाशन गरेको छ । तर यस विषयले अरूबेला ठाउँ पाएको भेटिँदैन ।

बाढी-पहिरोका घटनालाई पोखरेली पत्रिकाले प्राथमिकतासाथ स्थान दिएका छन् । धन-जनको उल्लेख्य क्षति हुँदा ती घटना 'ब्यानर न्यूज'को रूपमा आएका छन् । पोखरा वरपरका गाउँ र छिमेकी नगरपालिकाका यस्ता घटना पनि समाचार बनेका देखिन्छन् । प्राकृतिक प्रकोपसम्बन्धी रिपोर्टिङमा छापाहरू घटना-केन्द्रित देखिन्छन् । बाढी-प्रकोप निवारणमा सरकारी पक्ष पनि प्रत्यक्ष रूपमा घटना-केन्द्रित पाइन्छ । अन्य वैकल्पिक उपायलाई वास्ता गरिँदैन ।[९]

---

[९] नेपालमा प्रचलित प्राकृतिक प्रकोप निवारणका दुई धारबारे टिप्पणी गर्दै डमिन्द्र दाहाल लेख्नुहुन्छ–

> प्राकृतिक प्रकोप निवारणका लागि मूलतः दुई धारमा बाँडिएर उपायको खोजी गर्ने गरिएको पाइन्छ । पहिलो, प्राकृतिक घटनालाई नै केन्द्रविन्दु बनाएर त्यस्ता घटनाको उत्पत्ति, फैलावट र असरको मूल्याङ्कन गरी तिनलाई नियन्त्रण गर्ने सोचाइ भएको धार हो । यसलाई मूलधार पनि भन्ने गरिन्छ । दोस्रो, समाज-केन्द्रित धार हो जसले समाजको गैर-समतामूलक संरचना र त्यहाँको भेदभावपूर्ण संस्थागत चरित्रले गर्दा मानव समुदाय आफैँ प्राकृतिक प्रकोपको नजिक धकेलिन्छ भन्ने मान्यता राख्छ । यसलाई वैकल्पिक धार भनिन्छ । नेपाललगायत भारत र बङ्गलादेशहरूमा हुने गरेका बाढी प्रकोपको सामना त्यहाँका सरकारहरूले पहिलो धारबाट निकालिएका उपाय अपनाएर गर्ने गरेका छन् (२०५९: ९६) ।

बाढी-पहिरोका कारण र घटनापछिका अवस्थालाई पनि बाढी-पहिरोसँग जोडेर हेर्न आवश्यक हुन्छ । सामान्यतया बाढीले नदी किनारमा क्षति पुऱ्याएको हुन्छ भने पहिरोले बढी भिरालो जमिनमा । यस्ता स्थानमा मानिसहरू किन बस्न पुग्छन् भन्ने प्रश्न खोजको विषय बन्न सक्छ । पत्रकारहरूको ध्यान यसतर्फ पुगेको देखिँदैन ।

## *खानेपानी समस्या*

पानीका स्रोत पर्याप्त हुँदाहुँदै पनि पोखरामा खानेपानी समस्या चर्को छ ।[१०] खानेपानीको यो समस्या पोखरेली छापाको पनि विषयवस्तु बनेको छ । खानेपानी समस्यालाई लिएर वसन्तकेशव शर्मा पराजुलीको लेख *आदर्श समाज*मा प्रकाशित छ (शर्मा पराजुली २०५८) । पराजुलीले आफ्नो लेखमा 'पानीको धारा झुण्ड्याएपछि मासिक शुल्क खानेपानी संस्थानलाई बुझाउनै पर्छ र समयमा नबुझाए जरिवाना पनि तिर्नुपर्छ तर ग्राहकलाई पानी नदिएबापत संस्थानले जनतालाई भने जरिवाना तिर्नु पर्दैन' भन्ने कुरा व्यक्त गर्नुभएको छ । 'पैसा हुनेहरूले सोझै धारामा मोटर लगाएर पानी तानिदिएपछि गरिब छिमेकीको धाराबाट पानीको थोपो चुहुँदैन । अझ पैसा हुनेले प्राइभेट टयाङ्कीबाट पानी किन्ने गर्छन् तर पैसा नहुनेहरूलाई पानीको अभावले पिरोलेको छ' भन्नुहुन्छ पराजुली ।

पोखराको खानेपानीको समस्या व्यवस्थापनको समस्या भएको तर्क छ रमन गिरीको बाइलाइनमा *पोखरा हटलाइन*मा प्रकाशित समाचारको (गिरी २०५८क) । 'पानीको स्रोतका हिसाबले प्रशस्त धनी हुँदाहुँदै पनि स्रोतको उचित परिचालन हुन नसक्दा पोखरामा पानीको समस्या देखिएको हो; स्रोतबाट पानी आपूर्ति बढाउनेतर्फ संस्थानले कुनै पहल गरेको छैन', गिरी लेख्नुहुन्छ । समाचारलाई पछ्याउँदै आएको सम्पादकीयले पनि पानीको स्रोतको अधिकतम उपयोग गर्ने र चुहावट रोक्नेतर्फ संस्थानको ध्यान जानुपर्ने कुरा औंल्याएको छ (पोखरा हटलाइन २०५८प) । *आदर्श समाज*मा कुश्मा, पर्वतको खानेपानी समस्याबारे छापिएको समाचारमा भनिएको छ– "खानेपानीको धारा जोड्दा राजश्वबाहेक प्लम्बरलाई पैसा दिनै पर्छ र नदिए धारा जडान नगर्ने धम्की दिइन्छ" (आदर्श समाज २०५८न) ।

चितवन जिल्ला कविलास गाउँ विकास समितिमा प्रजाहरूले फोहर पोखरीको पानी पिउन बाध्य भए पनि सम्बन्धित निकायले ध्यान नपुऱ्याएकोबारे जेठ ११ गतेको *आदर्श समाज*ले फिचर छापेको छ (खनाल २०५८) । 'पोखरीको पानी पिउँदैछन् प्रजा' शीर्षकको यो लेख नेफेजको *सरसफाइ लेखमाला*बाट साभार गरिएको हो । त्यस्तै, खानेपानी योजना शुरु भएको १८ वर्ष बित्दा

---

[१०] पोखराको खानेपानी समस्याबारे विस्तृत चर्चाका लागि हेर्नुहोस् हिमराज गिरी (२०५९) ।

पनि योजना पूरा हुन नसकेको अर्को समाचार *पोखरा हटलाइन*मा छापिएको छ (पोखरा हटलाइन २०५८न) । राङरुङ खानेपानी योजना तनहुँको विकट दक्षिणी क्षेत्रअन्तर्गत पर्ने भानुमति र भिमाद गाविसका बासिन्दाहरूलाई खानेपानी सुविधा पुऱ्याउने उद्देश्यले आर्थिक वर्ष २०३९।४० मा शुरु भएको हो । शुरुका वर्षहरूमा मुहानसम्बन्धी विवादले योजनाको काम अघि बढ्न नसकेको र पछिल्ला दिनमा आर्थिक अनियमितता, कमिसनको चक्कर, कम बजेट इत्यादिले योजना पूरा नभएको समाचारमा उल्लेख छ ।

ग्रामीण भेकमा पानी ओसार्दा ओसार्दै जिन्दगी बिताउने महिलाहरू प्रशस्तै छन् । पानीको स्रोत टाढा हुनाले उनीहरूको श्रम र समय पानीकै लागि खर्चनु पर्छ । यसरी पानीका लागि खर्चेको समय र श्रमको सदुपयोग गरी आय आर्जनका काममा लगाउन सके सबैको भलो हुने थियो । त्यस्तै, पानीको व्यवस्थापनमा पनि महिलालाई नै सहभागी गराउन सकेमा उनीहरू सचेत हुन्छन् र पानीजन्य रोगबाट मृत्युवरण गर्ने महिला तथा बालबालिकाको सङ्ख्यामा कमी आउँछ । यी तथ्यहरू रेवती सापकोटाको 'पानी व्यवस्थापनमा महिला सहभागिताः सुरक्षित जीवनको उपहार' शीर्षकको फिचरमा प्रस्तुत छ (सापकोटा २०५८) ।

पोखराको खानेपानी समस्या ठूलै भए पनि निकै कम सामग्रीहरू छापामा अटाएका छन् । कुन स्थानमा खानेपानीको कस्तो समस्या छ भनेर लेखिएको नभई पानीको साझा समस्यालाई सामान्यीकरण गरी प्रस्तुत गरिएका एका-दुई लेखमात्र आएका छन् । पोखरामा स्रोत पर्याप्त हुँदाहुँदै पनि वर्षा याममा समेत पानीको हाहाकार हुन्छ । केही ठाउँको धारामा पानी नै आउँदैन भने आउने ठाउँमा पनि माटोका कण र अन्य ठोस फोहरहरू पानी सँगै मिसिएर आउँछन् । खुला स्रोतबाट ल्याइने हुँदा मुहानदेखि नै पानी प्रदूषित बनेको छ । तर रोकथाम र नियन्त्रणको उपाय अवलम्बन खासै गरिएको छैन । मुहान नजिकै दिसा पिसाब गरिने, पशुपालन गरिने र वरपरका खेतमा किटनाशक औषधी तथा रासायनिक मलको प्रयोग गरिने हुँदा पानी प्रदूषित बनेको हो । खानेपानीको मुहान वरपर लुगा धुने, नुहाउने गरिनाले पानी थप प्रदूषित भएको छ । पोखरा वरपरका छिमेकी गाउँमा पनि खानेपानीको समस्या छ । एक गाग्री पानी ल्याउनका लागि बिहानभर लाग्ने अवस्था भएका गाउँहरू छन् । यी विषयलाई छापाले समेट्न सकेका छैनन् । प्रदूषित पानीका कारण लाग्ने रोगहरू जस्तैः पखाला, टाइफाइड, कमलपित्त इत्यादिका बारेमा जानकारी दिने लेखहरू पनि अध्ययन गरिएका पत्रिकामा पाइएन । प्रदूषित खानेपानीका कारण गरिब परिवारहरू धनी परिवारभन्दा किन र कसरी बढी प्रभावित हुन्छन् भन्ने लेखाजोखा गर्न सकिएको छैन; न त कसरी खानेपानी वितरणमा गरिब बस्तीहरूलाई हेपिन्छ र त्यसले झन् उनीहरूलाई अरू गरिब तुल्याउँछ भन्ने विश्लेषण नै हुन सकेको छ ।

## *जैविक विविधता*

नेपालमा प्राणी तथा वनस्पतिको जातीय विविधता प्रचुर छ । यी विविध प्राणी र वनस्पतिहरूबीच अन्योन्याश्रित सम्बन्ध छ । तर विकासको गतिसँगै कतिपय जीव तथा वनस्पतिका अस्तित्व सङ्कटमा परिरहेका छन् । जैविक ज्ञान र सम्पदाको स्वामित्व स्थानीय बासिन्दाहरूबाट संसारका ठूलाठूला बहुराष्ट्रिय औषधी, कृषि रसायन, जैविक प्रविधि र बीज कम्पनीको हातमा स्थानान्तरण भइरहेको परिप्रेक्ष्यमा एकातिर स्थानीय कृषक, माझी, आयुर्वेद- शास्त्रका ज्ञाताहरूको जीविकोपार्जनका साधन लोप हुँदै जाँदैछन् भने अर्कोतिर विश्वमा खाद्य पदार्थ र औषधीमूलोको सङ्कट देखापर्न सक्ने स्थिति सृजना हुँदैछ (अधिकारी २०५६) । नेपालमा मात्र पाइने वनस्पतिलाई विकसित देशका व्यक्ति र कम्पनीले आफ्नो नाममा एकाधिकार कायम गर्ने सम्भावना पनि बढेको छ । यस विषयमा कोमल खतिवडाको *पोखरा हटलाइन*मा प्रकाशित लेखमा भनिएको छ–

> हाल नेपालमा जति पनि वनस्पतिहरू छन् यिनका सबै जाति तथा प्रजातिहरू हाम्रो मुलुकमा दर्ता भैसक्नु पर्ने हुन्छ । तर हामीकहाँ अहिलेसम्म न कुनै वनस्पति दर्ता गर्ने गरिएको छ न कसैले कुनै नयाँ प्रजाति विकास गरेबापत एकाधिकार नै दिइएको छ । प्रशस्त पूर्वतयारी तथा सबैले कसरत नगरी त्यति चाँडै यो सबै व्यवस्था गर्न सजिलो छैन । हामीले उपभोग गर्दै अएका यस्ता जैविक विविधताका स्रोतहरू तथा यिनका आनुवांशिक विशेष गुणहरू चोरी गरेरै भएपनि एकाधिकार प्राप्तकर्ताले अलिकति मात्र प्रयास गर्दा आर्थिक रूपमा मालामाल हुन सक्छ । खासगरी साधन-सम्पन्न तथा धनी देशका केही वैज्ञानिकहरू र केही निजी स्वार्थबाट बढी प्रेरित कम्पनीहरूले गरिब देशमा भएका जैविक विविधता तथा तिनका आनुवांशिक गुणहरू चोरी गरी आफ्नो नाममा एकाधिकार लिएर कानूनसम्मत जस्तो बनाई एकमुष्ट रूपमा धन आर्जन गर्ने प्रक्रिया देखिँदै आएको छ (खतिवडा २०५८) ।

गरिब मुलुकका प्राकृतिक सम्पदामाथि विकसित देशका कम्पनीहरूको कुदृष्टि पर्नाले आर्थिक शोषणको मारमा पर्ने सम्भावना प्रष्टिन्छ । यसबाट बच्नका लागि सरकारले बेलैमा सोच्नुपर्ने र यसबारे गम्भीर छलफल तथा बहस अघि बढाउनुपर्ने सुझाव पनि खतिवडाको लेखमा पाइन्छ ।

पोखराको कमलपोखरी संरक्षणको अभावमा सुख्खा मैदान बन्न लागेकोले यहाँ फुल्ने कमल लोप हुने अवस्थामा पुगेको चेतावनी दिँदै केशव लामिछानेको बाइलाइनमा *पोखरा हटलाइन*मा एक समाचार प्रकाशित छ (लामिछाने २०५८) । काहुँबाट आउने खहरे खोलाले वर्षेनी बगाएर ल्याउने ढुङ्गा माटोले पुरिने र वरपरका जग्गा-धनीको अतिक्रमणको मारमा सो कमलपोखरी परेको समाचारमा उल्लेख छ । समाचारअनुसार दुई वर्षअगाडि सीमाङ्कन गर्दा ३२ रोपनी क्षेत्रफल

पोखरीले ओगटेको भए पनि १५ रोपनी मात्रै जलमग्न थियो । पानी नभएको बाँकी १७ रोपनी जमिन अतिक्रमणको खतरा अत्यधिक छ, समाचारमा भनिएको छ ।

मानिसका लागि विकास बनेका कामहरू अरू जीवका लागि कहिलेकाहीँ विनाशका कारण बनिरहेका हुन्छन् । मोदी खोलाका असला माछाको निम्ति प्रस्तावित उपल्लो मोदी 'ए' जलविद्युत आयोजना अभिशाप बनेको समाचार *आदर्श समाज*मा छ (लौडारी २०५८) । समाचारअनुसार बाँधले माछाको स्वाभाविक ओहोरदोहोरलाई प्रभावित गर्दछ । अर्कोतिर मोदी खोलाको पानी सुरुङ्गबाट विद्युत गृहमा पठाइने र खोला नै सुख्खा हुने भएपछि माछाहरू स्वतः प्रभावित हुन्छन् । यस्तै विषयवस्तुको अर्को समाचार ६ माघको *आदर्श समाज*ले छापेको छ (आदर्श समाज २०५८प) । उक्त समाचारले मौसम-अनुसार विभिन्न प्रजातिका माछाहरू पहाड, तराई र सागर ओहोरदोहोर गर्ने गरेकोमा सिँचाइ र विद्युतका बाँधहरूले उनीहरूको आवगमनमा बाधा ल्याएको कुरा उठाएको छ । विशेषगरी समुद्रमा प्रजनन् गरी पहाडी इलाकाका खोला-नालातिर आउने राजाबाम, पहाडी इलाकाका खोलानालामा जन्मिई समुद्री इलाकामा चरनका लागि जाने तथा प्रजनन्का लागि पुनः चिसो पानीमा फर्कने साल्मोन र भारतमा रहेका जलाशयबाट नेपालका खोलानालामा आउने डल्फिनका लागि बाँधहरू अभिशाप बनेको समाचारमा उल्लेख छ ।

अन्तर्राष्ट्रिय स्तरको सिमसार क्षेत्रको रूपमा मान्यता पाएको कोशी टप्पु वन्यजन्तु आरक्षमा विश्वकै दुर्लभ चराहरू पाइन्छन् । संसारबाटै लोप हुने अवस्थाका २९ प्रजातिका चराहरूमध्ये १९ प्रजातिका चराहरू सो स्थानमा पाइने जानकारी शीतल कोइरालाको *आदर्श समाज*मा प्रयोग गरिएको राससको फिचरले दिन्छ (कोइराला २०५८) ।

जैविक विविधता र यसको महत्वबारे सुरेन्द्र पराजुली 'सुप'को लेखले *आदर्श समाज*मा स्थान पाएको छ (पराजुली 'सुप' २०५८ख) । पृथ्वीको विभिन्न क्षेत्रमा पाइने फरक-फरक प्रकारका जीवजन्तुहरूको अस्तित्व कायम राख्न अत्यावश्यक स्रोतलाई दीर्घकालसम्म जोगाइराख्न, आर्थिक, समाजिक तथा औद्योगिक गतिविधिहरू निरन्तर रूपले सञ्चालन गर्न जलचक्र, कार्वन चक्र, नाइट्रोजन चक्र, अक्सिजन चक्र, मौसम परिवर्तन आदि प्राकृतिक प्रक्रियाका साथै प्राकृतिक प्रणालीको निरन्तरता कायम राख्न जैविक विविधताको संरक्षण जरुरी भएको लेखमा उल्लेख छ ।

अध्ययनमा परेका अखबारहरूले जैविक विविधतासम्बन्धी अरू लेख पनि प्रकाशन गरेका छन् । निशा रिजालको 'रूपा एक स्वरूप अनेक' शीर्षकमा रूपाताल र त्यहाँको जैविक विविधताबारे खोजपूर्ण र लामो लेख *पोखरा हटलाइन*मा दुई दिन गरेर छापिएको थियो (रिजाल २०५८) । रूपातालबारे स्थानीय कृषकसँगको कुराकानी र स्थल अध्ययनसमेत गरेर लेखिएको यो लेख

अन्य लेखहरूभन्दा सबल छ । तालको उत्पत्तिलगायत ताल र वरपरको जलाधार क्षेत्रको जैविक विविधतामा आएको ह्रासबारे रिजालको लेखमा उल्लेख गरिएको छ । रिजालका अनुसार हिजोआज उक्त क्षेत्र वरपर नर्कट, रातो बिमिरो, मधु बिमिरो, बिनुपाते, रातो र निलो कमलको फूल आदि देखिँदैनन् भने बिइ र पटेर जस्ता वनस्पतिहरू खतरामा छन् । त्यस्तै, राजाबाम, हिले, सारस, आदि जीवहरू हराउँदै गएका र उन्नत जातका माछाको खेतीसँगै अधिकांश स्थानीय जातका माछा घट्दै गएका छन् ।

जैविक विविधताको संरक्षणका लागि पोखरा क्षेत्रमा 'लिबर्ड' संस्था जुटिरहेको छ । यसले गरेका विभिन्न औपचारिक कार्यक्रमहरू समाचार बनेर स्थानीय अखबारमा आइरहेका हुन्छन् । लिबर्ड, कृषि अनुसन्धान परिषद र इन्टरनेशनल प्लान्टजेनेटिक रिसर्च इन्स्टिच्यूट (इप्री)ले पोखरा वरपर जैविक विविधता संरक्षणसम्बन्धी कार्यक्रम सञ्चालन गरिहेका छन् । यी संस्थाको संयोजनमा फागुन १ गते अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको थियो । स्थानीय जातमा भएको गुण लोप हुन नदिई त्यसमा रहेको वंशाणु गुणलाई संरक्षण गर्ने एवं किसानको आय आर्जनदेखि लिएर कृषि उत्पादन वृद्धि गर्नुका साथै बजार व्यवस्थाको प्रबन्ध गर्न उक्त कार्यक्रमको योगदान भएको पाइएको समाचार २ फागुनको *आदर्श समाज*मा प्रकाशित छ (आदर्श समाज २०५८फ) । कार्यक्रममा लिबर्डअन्तर्गत ३० हजार किसानहरूले सहभागिता-मूलक तवरबाट कार्य गरेको पनि बताइएको समाचारमा जनाइएको छ ।

चैत ७ गते काठमाडौंमा नेपाल तामाङ घेदुङ र थारु कल्याणकारी समाजद्वारा 'जैविक विविधतासम्बन्धी राष्ट्रिय नीति र जनजाति सरोकार' विषयमा कार्यशाला गोष्ठीको आयोजना गरिएको थियो । गोष्ठीमा वातावरण सन्तुलन तथा त्यहाँका निवासीहरूको संस्कृति, रहनसहन र परम्पराबीच नजिकको सम्बन्ध रहने हुनाले कुनै क्षेत्रबाट विस्थापित आदिवासी तथा जनजातिको संस्कृति बचाउन पहल गरिनुपर्ने सुझाव पेश गरिएको थियो । जैविक विविधता संरक्षण र जलवायु परिवर्तन सम्बन्धमा जनजाति र स्थानीय समुदायको भूमिका र दायित्वको पहिचान गर्ने तथा उनीहरूको सहभागितामा राष्ट्रिय योजना र कार्यक्रम प्रभावकारी रूपले कार्यान्वयनका लागि गोष्ठीले सिफारिस गरेको थियो । यससम्बन्धी राससको समाचारलाई *आदर्श समाज*ले प्रकाशन गरेको थियो (रासस २०५८घ) ।

अध्ययन गरिएका अखबारमा जैविक विविधतासम्बन्धी सामग्री धेरै छैनन् । तर आएका सामग्रीले जैविक विविधताको महत्व र त्यसको आवश्यकतालाई उजागर गरेका छन् । पोखरालाई सुनगाभाको उर्वर थलो मानिन्छ । यसका प्रशस्तै प्रजातिहरू यस क्षेत्रमा फेला परेका छन् । तर अन्य मुलुकका कम्पनी वा व्यक्तिले यस्ता थुप्रै रैथाने वनस्पतिको चोरी गरी एकाधिकार प्राप्त गर्ने सम्भावना बढेको छ । यसो हुन नदिन यस्ता वनस्पतिलाई हामीले नै दर्ता

गर्नुपर्ने हुन्छ । यस्ता विषयलाई पत्रिकाले अझै बढी प्रचारप्रसार गर्नु पर्ने देखिन्छ ।

### *जीविकोपार्जन समस्या*

नेपालका अधिकांश जनता जीविकोपार्जनका लागि प्रत्यक्षतः प्राकृतिक सम्पदामा आश्रित छन् । त्यसैले हाम्रो जस्तो देशमा वातावरण संरक्षण र जीविको-पार्जनको सुरक्षा सँगसँगै अगाडि बढाउनुपर्छ । वातावरणीय न्यायको मान्यता पनि यही हो । तर आधुनिकीकरणले स्थानीय बासिन्दाको जीविकोपार्जनमा सङ्कट पनि ल्याउँछ । यसको उदाहरण *आदर्श समाज*मा प्रकाशित 'मोटरबोट चल्न थालेपछि बेगनास तालका डुङ्गा चलाउनेहरू चिन्तित' शीर्षकको समाचारमा भेटिन्छ (आदर्श समाज २०५८ब) । मोटरबोट छिटो छरितो हुने हुँदा साना काठका डुङ्गाको आकर्षण घटेको र मोटरबोटले गर्दा उत्पन्न हुने छालले साना काठे डुङ्गा पल्टेला जस्तो हुने गरेको गुनासो पीडितहरूको छ । अर्थात् आधुनिक मोटरबोटको आगमनले डुङ्गा चलाएर जीवन निर्वाह गर्नेलाई सङ्कट सिर्जना हुन पुग्यो ।

जीविकोपार्जनसम्बन्धी अर्को समाचार *आदर्श समाज*मै छ (सिग्देल २०५८) । पोखराको रामघाटस्थित सेती नदीबाट बालुवा बेचेर जीवन निर्वाह गर्ने परिवारको सङ्ख्या लगभग १२ सय भएको र वृद्धदेखि बालबालिका पनि उक्त पेशामा सरिक भएको समाचार पढ्दा थाहा हुन्छ । वृद्ध-वृद्धा हातमुख जोर्ने समस्या हल गर्नका लागि र बालबालिकाले स्कूलमा पढ्न आवश्यक कापी, कलम आदि जुटाउन सो पेशामा लागेको समाचारमा लेखिएको छ । लेखकले भने झैं १२ सय परिवार सो पेशामा निर्भर रहेको तथ्य पत्यारिलो देखिँदैन । यसको स्रोत या सत्यता खुलाउने प्रयास समाचारमा भएको छैन । शिक्षा, स्वास्थ्य जस्ता कुराहरू त परै जाऊन्, गाँस, बास र कपास जस्ता आधारभूत कुराबाट वञ्चित खातेहरूको अवस्था कारुण छ । उनीहरू फोहरको ट्र्याक्टर देख्दा रमाउँछन् र खोतल्न थाल्छन्– खानेकुरा, कपडा, प्लास्टिक, टिन इत्यादि पाइन्छ कि भनेर । फोहरसँग मित्रता गाँस्नु पर्ने उनीहरूको बाध्यता हो । यस किसिमका खाते बालबालिकासँगको कुराकानी र उनीहरूको व्यवहारलाई समावेश गरी तयार पारिएको समाचार *आदर्श समाज*मा नै छापिएको थियो (आदर्श समाज २०५८भ) ।

दुग्ध विकास संस्थानको सञ्चालक समितिले विनाकारण दूधको खरिद-मूल्य घटाउने निर्णय गरेकोमा केन्द्रीय दुग्ध उत्पादक सहकारी सङ्घ लिमिटेडले त्यसको विरोध गरेको थियो । *पोखरा हटलाइन*मा लेखिएको छ–

> २ वर्ष पहिले दूधको मूल्य निर्धारण भएदेखि पशुदाना, चोकर, औषधी आदिको मूल्यमा वृद्धि भै दूधको उत्पादन लागतसमेत बढ्न गएकाले मूल्य वृद्धि गर्ने वा

> उत्पादन लागत घटाउने प्रभावकारी कार्यक्रम सञ्चालन गर्नुपर्ने टड्कारो आवश्यकता सर्वत्र महसुस गरिँदै आएको थियो । तर त्यसको विपरीत संस्थानले उल्टो कृषकबाट गरिने खरिद-मूल्य घटाउने काम गरेको छ (पोखरा हटलाइन २०५८फ) ।

*पोखरा हटलाइन*ले 'जङ्गली हात्तीको आतङ्क' शीर्षकमा मोरङ जिल्ला बेलबारी गाविसमा जङ्गली हात्तीले प्रवेश गरी थुप्रै घरहरू भत्काइदिनुका साथै घरमा थन्क्याएको अन्नबाली र बारीको खेती नष्ट पारिदिएको समाचार राससबाट लिई प्रकाशन गरेको छ (रासस २०५८च) । यीबाहेक 'आलु खेतीले गर्जो टार्दैछन् हेम्जाली किसान' (गिरी २०५८ख), रूपातालमा व्यवसायिक माछाखेती गरिने' (पोखरा हटलाइन २०५८ब), तरकारी तथा फलफूल खेतीबाट कृषकहरूको जीवनस्तरमा सुधार (रासस २०५८ङ), आदि शीर्षकमा जीविकोपार्जनसम्बन्धी समाचार अध्ययनमा परेका छापामा देखिएका छन् ।

जीविकोपार्जनका विषयमा यी पत्रिकाले निकै कम बोलेका छन् । मुलुकमा विपन्न र पिछडिएका वर्गको जीविकोपार्जनको मुख्य आधार प्राकृतिक स्रोत रही आएको छ । तर बदलिंदो परिस्थितिमा आधुनिकता सँगसँगै आएका परिवर्तनले केही समुदायको पेशालाई सङ्कटमा पारेको छ । उदाहरणका लागि प्लास्टिकको बढ्दो प्रयोगले माटोका भाँडा बनाउने कुमालेको पेशा सङ्कटमा परेको छ । प्लास्टिकका झोला बढेपछि गहुँको छ्वाली, जुट जस्ता सामग्रीबाट बनाइने झोला र अन्य सामान बनाउने व्यवसाय हराइसक्यो । फेवातालवलाई सम्पन्न-हरूले नै सकेसम्म दोहन गरेका छन् र यसलाई कुरूप बनाएका छन् । प्रदूषणले गर्दा पहिले जस्तो माछा पाइँदैन र पाइए पनि मार्न नपाइने नियमहरू बनेका छन् । यसले मर्का परेको छ– वर्षौंदेखि माछा मारेर बेच्दै जीवनयापन गर्ने जलाहारी समुदायलाई । जीविकोपार्जनसँग गाँसिएका यस्ता धेरै विषयमा यी पत्रिकाहरू मौन देखिन्छन् ।

## *वातावरण सुधारका गतिविधिहरू*

पछिल्ला केही वर्षयता वातावरणप्रति सजगता विस्तारै बढ्दै गएको छ । वातावरण विनाश रोकी यसको संरक्षण गर्न गैरसरकारी संस्था एवं नागरिक समाजले आफ्नै पहलमा गरेका गतिविधिहरूलाई पोखराका अखबारहरूले स्थान दिएको पाइन्छ । सचेत स्थानीय व्यक्ति र समूहले सरसफाइ, वृक्षरोपण जस्ता कार्यक्रम सञ्चालन गरेको यी अखबारका समाचारहरूबाट बुझिन्छ । स्थानीय क्लब, आमा समूह, रेडक्रस सर्कल र यस्तै अन्य जमातको सक्रियतामा भएका यस्ता कार्यक्रममा क-कसले के भने, कहाँदेखि कहाँसम्म सरसफाइ या वृक्षरोपण गरियो आदि जानकारीहरू समाचारले समेटेका हुन्छन् । पत्रिकामा आएका केही समाचारहरू नीति नियम र कारवाहीसम्बन्धी छन् । करेन्ट

लगाएर माछा मार्ने तीनजना पक्राउ (पोखरा हटलाइन २०५८भ), अवैध रूपमा निर्यात हुन लागेका जडिबुटी बरामद (रासस २०५८छ), रूख काट्नेलाई नगरपालिकाले जरिवाना गर्ने (आदर्श समाज २०५८म), आदि शीर्षकका समाचारले अपराधीलाई हतोत्साही र सर्वसाधारणलाई सचेत बनाउँछन् ।

नेपालको सामुदायिक वनको अभ्यासले अन्तर्राष्ट्रिय चर्चा र प्रशंसा पाएको छ । सामुदायिक वनसम्बन्धी समाचारहरू पोखराका पत्रिकाहरूमा पनि देखिन्छन् । "मासिनै आँटेको वन सामुदायिक वन उपभोक्ता समितिले लिएपछि हराभरा भएको छ, त्यही वनले समितिका सबैलाई घाँसपात र काठ दाउरा पुगेको छ । त्यसैबाट आयआर्जन भएको छ, गरिबी निवारण र विकास निर्माणका लागि खर्चसमेत जुटेको छ ।" पर्वत जिल्ला बाजुङ्ग गाविसका प्रेमबहादुर पौडेलको यो भनाइ *आदर्श समाज*बाट उद्धृत गरिएको हो (आदर्श समाज २०५८श) । सामुदायिक वन उपभोक्ता महासङ्घद्वारा पोखरामा आयोजित दूरदृष्टि गोष्ठीमा पर्वत प्रतिनिधि बनेर आउनुभएका पौडेलसँग पत्रिकाले संवाद गरेर सो समाचार तयार गरेको थियो । सामुदायिक वनसम्बन्धी नै राजकुमार दिक्पालको फिचर *पोखरा हटलाइन*मा प्रकाशित छ (दिक्पाल २०५८) । *महिला लेखमाला*बाट साभार गरिएको सो फिचरमा सामुदायिक वनले महिलालाई अघि बढ्न सघाएको उल्लेख गरिएको छ । नेपालमा १० हजारभन्दा बढी वन सामुदायिक वनको रूपमा उपभोक्ताहरूलाई हस्तान्तरण भएको र तीमध्ये ३ सय १६ समितिमा महिलाहरू मात्र सदस्य रहेका छन् । सामुदायिक वनको अन्य उपभोक्ता समूहमा महिलाको सहभागिता गराउनै पर्ने व्यवस्था विधानले गरेको छ । सामुदायिक वनको अवधारणामा महिला सहभागितालाई प्राथमिकता दिएकाले पनि नेपालमा सामुदायिक वन सफल भएको हो भन्ने आशय लेखकको छ ।

अधिकांश नेपालीको इन्धनको स्रोत वन-जङ्गल नै रहेको छ । मलको रूपमा प्रयोग गरी उत्पादन बढाउन सकिने गोबरलाई गुइँठा बनाई इन्धनको रूपमा कतिपयले प्रयोग गरिरहेका छन् । पशुपालन गरिने क्षेत्रमा गोबर ग्याँस प्रविधि वैकल्पिक इन्धनको स्रोत बनेको छ, बन्न सक्छ । गोबर ग्याँस प्रविधिको लोकप्रियता अखबारका लेख तथा समाचारबाट पनि पुष्टि हुन्छ । *आदर्श समाज*मा छापिएको गणेश पराजुलीको लेखले गोबर ग्याँसबाट गन्धरहित ग्याँस निस्कने र सो खाना पकाउन, बत्ती बाल्न जस्ता कार्यमा सरल ढङ्गले प्रयोग गर्न सकिने जानकारी दिन्छ (गणेश पराजुली २०५८) । गाउँघरमा गोबर ग्याँसलाई गुइँठा बनाई बाल्ने तर खेतबारीमा रासायनिक मल हाल्ने नराम्रो प्रचलन पनि छ । गोबर ग्याँसको प्रयोगले एकातिर कम्पोस्ट मल दिन्छ भने अर्कोतिर जङ्गल फँडानी नियन्त्रण हुन्छ । गोबर ग्याँस राख्नका लागि निम्न आय भएका किसानले नसक्ने हुँदा सरकारले दिने अनुदानलाई यथावत राखी ऋण लगानी सरल गर्नुपर्ने सुझाव पराजुलीको छ । 'ग्रामीण भेगमा प्रभावकारी बन्दैछ गोबर ग्याँस प्लान्ट' शीर्षकमा प्रकाशित मोहन फेवालीको

समाचारले कास्की जिल्लाका ग्रामीण क्षेत्रमा गोबर ग्याँसको प्रयोग दिनानुदिन बढेको र जिल्लामा २०५८ माघ मसान्त सम्ममा ७ हजार गोबर ग्याँस प्लान्ट स्थापना भैसकेको जानकारी दिन्छ (फेवाली २०५८) ।

पोखरा उपमहानगरपालिकामा वातावरण सुधार गर्ने उद्देश्यले २०५३ सालदेखि नै विश्व ब्याङ्कको ऋण तथा अनुदानमा वातावरण सुधार आयोजना शुरु भएको हो । यसअन्तर्गत ७ वटा विभिन्न योजना भए पनि पाँचौं वर्ष बितिसक्दा पनि ३ वटा योजना शुरु नै भएनन् । *आदर्श समाज*ले बजेट विनियोजन हुँदासमेत कार्यान्वयन हुन नसक्नु स्थानीय निकाय र आयोजनाकै कमजोरी रहेको ठहर गरेको छ (आदर्श समाज २०५८ष) । यसै आयोजना-अन्तर्गतको ल्याण्डफिल साइट निर्माणबारे अगाडि चर्चा गरिसकिएको छ ।

'विषादीयुक्त आलु नभित्र्याउने प्रतिबद्धता' शीर्षकमा मानव स्वास्थ्यमा हानी पुऱ्याउने भारतको पश्चिम बङ्गालबाट नेपालमा आयात हुने विषादीयुक्त रसायन छर्किएको रातो आलु पोखरा उपत्यका भित्रिन नदिने यहाँका व्यापारी-हरूले प्रतिबद्धता जाहेर गरेका छन् भनी *आदर्श समाज*ले समाचार छापेको छ (आदर्श समाज २०५८स) । पोखरा उद्योग वाणिज्य सङ्घ र पोखराका आलु-प्याज थोक व्यापारीहरूको बैठकपछि यस्तो निर्णय गरिएको समाचारले जनाएको छ ।

वातावरण सुधारका गतिविधिलाई पोखरेली अखबारले धेरै हदसम्म समेटेका छन् । वातावरण सुधारकै लागि उपचार खोज्ने क्रममा अदालतलाई समेत गुहारिएको र त्यससम्बन्धी सामग्रीहरूले मिडियामा ठाउँ पाएको चर्चा भैसकेको छ । गाउँ र टोल स्तरमा गरिने स-साना क्रियाकलापदेखि लिएर बृहत्‌स्तरका कार्यक्रमबारे समाचारहरू आएका छन् । वातावरणसम्बन्धी तालिम, छलफल, अन्तर्क्रिया, गोष्ठी, आदि औपचारिक कार्यक्रमका समाचार पनि प्रशस्तै प्रकाशन गरेका छन् । त्यस्तै, विश्व सुर्तीरहित दिवस, विश्व वातावरण दिवस, विश्व जनसङ्ख्या दिवस, जस्ता अवसर विशेषमा आयोजित कार्यक्रमको रिपोर्टिङ्ग पनि स्थानीय अखबारमा पढ्न पाइन्छ । साधारणतया पोखरामै भएका त्यस्ता कार्यक्रमको रिपोर्टिङ्ग सम्बन्धित पत्रिकाका सम्वाददाताले नै गरेका छन् भने मुलुकका अन्य भू-भागमा भएका कार्यक्रमसम्बन्धी समाचार राससमार्फत प्रकाशन गरिएका हुन्छन् । यस किसिमका समाचारमा कहाँ, के कार्यक्रम, कहिले सम्पन्न भयो र क-कसले के-के बोले भन्ने वृत्तान्त पाइन्छ । यस्ता कार्यक्रमले सर्वसाधारण व्यक्तिहरूलाई केही मात्रामा भए पनि सचेत एवं जागरुक बनाउँछन् नै, पत्रिका पनि बढी सम्वेदनशील बनेको उदाहरण पाइन्छ । पत्र-पत्रिकाले यस किसिमका कार्यक्रमले उठाएका विशेष मुद्दालाई समाचार-मार्फत प्रचार प्रसार गर्नुका साथै लेख तथा सम्पादकीय प्रकाशन गरेर सबैलाई सोच्न बाध्य बनाउँछन् । तेस्रो पशु विकास आयोजनाद्वारा आयोजित 'मासु उत्पादन तथा बिक्री वितरणमा सुदृढीकरण' विषयक एक दिवसीय

गोष्ठीमा बजारमा बेचिने मासु प्रदूषित भएको विषय उठ्दा पत्र-पत्रिकाले समाचारका साथै सम्पादकीय र लेखसमेत छपाएका थिए ।

## छापाका सामग्रीका सबल र दुर्बल पक्ष

छापामा आएका सामग्रीको विवरणात्मक प्रस्तुति यसअगाडि भइसकेको छ । समाचार, लेख र सम्पादकीयका रूपमा आएका यी सामग्रीका केही सबल पक्षहरू छन्, केही सामग्रीमा कमजोरीहरू पनि छन् । वातावरणका कतिपय विषय र मुद्दाहरू अछुतो नै रहेका पनि छन् । छापामा आएका यी सामग्रीका सबल र दुर्बल पक्षलाई समग्र रूपमा तल चर्चा गरिन्छ ।

### *सबल पक्ष*

पत्र-पत्रिकामा वातावरणसम्बन्धी विविध सामग्रीहरू प्रकाशन भएका छन् । वातावरणको क्षेत्रमा काम गरिरहेका संस्थाबारे समाचार प्रकाशन हुँदा तिनको संस्थागत परिचय समाजमा स्थापित भएको छ । अन्तर्क्रिया, छलफल, गोष्ठीमा वातावरणविद् एवं वातावरणवादीद्वारा थोरै सहभागीलाई मात्र सुनाएका कुराहरू आम-जनतामाझ सार्वजनिक गर्ने काम यी पत्र-पत्रिकाले गरिरहेका छन् । यसर्थ वातावरणसम्बन्धी सामग्रीको प्रकाशनले यसतर्फ जनचासो र सचेतता निश्चय पनि बढाएको छ । केही अवस्थामा समाजका अनियमितताका विषयलाई पनि उठाइएको छ । सार्वजनिक जग्गालाई हडप्ने विषयमा *पोखरा हटलाइन*ले खोजपूर्ण सामग्रीहरू प्रकाशन गरेको थियो । छापामा आउने सामुदायिक वन, गोबरग्याँस प्लान्ट जस्ता लाभदायी विषयहरूले सर्वसाधारणलाई आकर्षित गर्न सक्छन् । यसले गर्दा यी विषयको प्रचारप्रसारमा सघाऊ पुग्दछ । खानेपानीका समस्या, फोहरमैला समस्या, इत्यादि विषयमा समाचार, लेख, सम्पादकीय र तस्वीर प्रकाशन गरी सम्बन्धित निकायको ध्यान आकर्षण गर्नुका साथै समाधानका लागि एक किसिमको दबाब दिएका छन् यी पत्र-पत्रिकाले । वातावरणीय हिसाबले अन्यायमा परेका पीडितहरूको समस्यालाई पनि केही हदसम्म प्रकाशमा ल्याउन सकेका छन् ।

रासस र अन्य फिचर सेवामार्फत मेचीदेखि महाकालीसम्मका समाचार यी अखबारमा देख्न पाइन्छ । ती स्थानमा भएका वातावरण संरक्षणसम्बन्धी राम्रा कामबारे समाचार र सम्पादकीय लेखेर स्थानीय संस्था र व्यक्तिलाई हुटहुटी लगाउनुका साथै प्रोत्साहन दिने कामसमेत यी अखबारले गरेका छन् । स्थानीय अखबारका मुख्य समाचार स्थानीय एफएम रेडियोहरूले पनि प्रसारण गर्छन् । यसले गर्दा अखबारका सामग्रीको पहुँच बढेको छ । अखबारले बारम्बार उठाएका सम्वेदनशील मुद्दाहरूले रेडियोका कार्यक्रमलाई पनि प्रभाव पार्छन् र ती विषयले रेडियोमा स्थान पाउँछन् ।

## *दुर्बल पक्ष*

पत्र-पत्रिकामा वातावरण तुलनात्मक रूपमा नयाँ क्षेत्र मानिन्छ । वातावरणीय न्याय त अझै नयाँ क्षेत्र हो । वातावरणीय न्यायका क्षेत्रमा पत्र-पत्रिकामा अति नै न्यून सामग्री छन् । पोखराका पत्रिकामा राजनीति, अपराध जस्ता विषयले प्राथमिकता पाएको देखिन्छ । वातावरणबारे जे जति सामग्री प्रकाशित छन् तीमध्ये अधिकांश औपचारिक कार्यक्रममा आधारित छन् । सम्पादकीय र विचार लेख पनि तिनै औपचारिक कार्यक्रममा आधारित छन् । प्रकाशित सामग्रीहरू-मध्ये पत्रकार र पत्रिकाको अग्रसरतामा आएका निकै थोरै छन् । समाजका गतिविधिमाथि निगरानी राख्ने 'वाचडग' को भूमिका यी छापाले कमै मात्र निर्वाह गर्न सकेको पाइन्छ । गोष्ठी, छलफल, अदालती रिट वा अन्य महत्वपूर्ण निर्णय र घटनाप्रति प्रतिक्रिया जनाउने र प्रचार-प्रसार गर्ने साधन मात्र बनेका छन् यी छापाहरू । कहिलेकाहीँ छापाहरूको भूमिका वातावरणीय न्यायको प्रतिकूल पनि हुने गरेको छ । ल्याण्डफिल साइट निर्माण गर्ने क्रममा बाच्छेबुडुवालाई रोज्दा स्थानीय बासिन्दालाई निर्णयमा सरिक गराई उनीहरूको सहभागिता प्राप्त गर्नु पर्नेमा त्यसो हुन सकेन । छापाले त्यतातर्फ आवाज उठाएनन्; *आदर्श समाज*ले ल्याण्डफिल साइटको विरोध गर्न खोज्नेलाई बलपूर्वक दबाउनु पर्छ भन्ने आशयको सम्पादकीय प्रकाशन गर्‍यो ।

पोखरामा सवारी साधनको बढोत्तरी भएको छ । यी सवारी साधनबाट हुने वायु प्रदूषण अथवा वैकल्पिक व्यवस्थाको रूपमा विद्युतीय सवारी साधनको आवश्यकताबारे कुरा उठाइएको छैन । अस्पताल र नर्सिङ्ग होमहरूबाट निकालिने सङ्क्रामक फोहर र त्यसबाट सिर्जिने समस्याबारे यी अखबार मौन पाइए । पोखरा वरपरको क्षेत्रको प्राकृतिक संरक्षणहेतू अन्नपूर्ण संरक्षण आयोजना कार्यरत छ । यसका काम, गतिविधि र उपलब्धिलगायत स्थानीय समाजमा यसको असरबारे छापामा सामग्रीहरू आउन सकेका छैनन् । अखबारका सामग्री पोखरा-केन्द्रित हुनु स्वभाविक मानिए पनि छिमेकी लेखनाथ नगरपालिका एवं ग्रामीण भेकलाई पनि वास्ता गरिएको छैन । फेवाताल जति नहोला, तर बेगनासताल र रूपाताल लगायतका अन्य ताल पनि प्रदूषणको मारमा परिरहेका छन् । अहिलेदेखि नै फेवातालको अनुभवबाट पाठ सिकेर ती तालमा प्रदूषण घटाउने र पुरिन नदिनेतर्फ कदम चाल्नु आवश्यक छ । तर फेवातालबाहेकका अरू तालबारे पत्रिकाहरूमा सामग्री अति नै थोरै देखिन्छन् । पत्रिकामा राससको समाचार प्रयोग धेरै हुन्छ, त्यसैले स्थानीय समाचार जति नै अन्तका समाचार आउँछन् । तर, पोखरा वरपरका स्थानबारे भने समाचार निकै कम आएका छन् । त्यसो त, पोखराका अखबारको पहुँच पनि बजार क्षेत्रमै सीमित छ । हेम्जा, नौडाँडा, लामाचौर जस्ता पोखरा बजार नजिकका अर्धशहरी इलाकामा समेत यी अखबारको प्रभाव नगण्य छ (शेखर पराजुली २०५८) ।

समाचारमा उल्लेख भएका नामलाई नियाल्दा एउटै व्यक्तिले वातावरण, राजनीति, अपराधलगायत सबैजसो विधामा हात हालेको देखिन्छ । एउटै बिट हेर्ने चलन देखिएन । समाचारको अनुगमन भएको पनि भेटिँदैन । वृक्षरोपणका समाचार प्रशस्तै छन् तर ती वृक्षको स्याहार सम्भार नभएको भेटिन्छ । जसबारे छापामा सामग्री देखिँदैन । बाढी-पहिरो पीडितहरूप्रति तत्काल सहानुभूतियुक्त समाचार छापिए पनि दुईचार दिनपछि यस्ता कुरा सेलाउने गरेको पाइन्छ । पछिल्ला दिनहरूमा पीडितहरूको अवस्था के-कस्तो छ भन्ने समाचार आउन सकेका छैनन् ।

## निष्कर्ष

पोखराका पत्र-पत्रिकाले वातावरणसम्बन्धी जे जति सामग्रीलाई स्थान दिएका छन् यसबाट सन्तोष मान्न सकिने स्थिति छैन । झन् वातावरणीय न्याय र अन्यायका विषयलाई उजागर गर्ने सामग्री त अत्यन्तै न्यून सङ्ख्यामा देखा परेका छन् । हुन त नेपालमा वातावरणसम्बन्धी विचार र समाचारको प्रभावकारी प्रवाहको इतिहास लामो छैन । यस्तो परिप्रेक्ष्यमा सीमित स्रोत, साधन र भूगोलमा रहेर स्थानीय पत्र-पत्रिकाले प्रकाशन गरेका वातावरण-सम्बन्धी सामग्रीले समाजमा अवश्य नै सकारात्मक प्रभाव पारेका छन् । जनचेतना अभिवृद्धि गर्ने दिशामा हाल प्रकाशित सामग्रीको योगदानलाई बिर्सन मिल्दैन । पर्यावरणको सन्तुलन एवं संरक्षणबाट पारिस्थितिक प्रणाली कायम राख्न सबै नागरिक सचेत हुन जरुरी छ । यसका लागि सञ्चार माध्यम उत्प्रेरक बन्ने कुरा निर्विवाद छ ।

वन-जङ्गल, वृक्षरोपण, सरसफाइ जैविक विविधता इत्यादिको महत्वबारे ज्ञानपूर्ण सामग्री पस्केर पाठकलाई सचेत पार्ने काममा पत्र-पत्रिका सरल र सबल माध्यम बनेका छन् । तर पनि पत्रिकामा वातावरण विधाले प्राथमिकता पाउन सकेको छैन । राजनीति, अपराधजस्ता विषयबाहेक पत्रपत्रिकाको अरू तर्फ हेर्ने गतिलो प्रयास भएको छैन । विषयको महत्वका आधारमा नभै प्रमुख अतिथिको पदअनुसार समाचारले अग्रस्थान प्राप्त गर्ने प्रचलन कायमै छ ।

नेपाली समाजमा विद्यमान जातीय, वर्गीय, लैङ्गिक विभेदले गर्दा प्राकृतिक सम्पदाको उपभोगमा समान वितरण हुनसकेको छैन । त्यसैगरी, वातावरणीय विनाशबाट हुने जोखिममा पनि गरिब, निमुखा तथा पिछडिएका समुदाय नै परेका छन् । यस्तो अवस्थामा निमुखाहरूको वाणी भन्ने गरिएको पत्रकारिता क्षेत्रले प्रभावकारी भूमिका खेली अन्यायमा परेकालाई न्याय दिलाउनेतर्फ पहल गर्नुपर्छ । तर यतातर्फ पत्रिकाहरूले पाइला चालेको कमै देखिन्छ ।

पोखरेली अखबारमा लगानी गर्नेहरू अधिकांश व्यापारीहरू छन् र व्यवसायिक हिसाबले अखबार प्रकाशन गरेका हुन् । अखबारका लक्षित समूह अर्थात् उपभोक्ताहरू केही हदसम्म शिक्षित र आर्थिक हिसाबले सबल वर्ग नै

हुन् र अखबारलाई आधार दिने विज्ञापनदाता पनि धनी वर्गकै हुन्छन् । शायद त्यसैले पनि गरिब र विपन्न समुदायको पक्षमा वकालत गर्ने वातावरणीय न्यायको सन्दर्भले अखबारमा कम महत्व पाएको हो ।

विकास परियोजना तयार गरिँदा निर्णयकर्ता र निर्णयको परिणामका भागिदारबीच ठूलो दूरी रहने गरेको छ । स्थानीय समुदायले आफ्नो प्राकृतिक स्रोतको उपयोग र संरक्षण गर्न पाइरहेका छैनन् । पछिल्ला दिनमा विकास परियोजना लागू गरिँदा प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय प्रभाव मूल्याङ्कन गरिए पनि धेरै अवस्थामा ती औपचारिकता पूरा गर्ने खालका मात्र हुन्छन् । जीवनयापनका लागि कुनै जाति वा समुदायले परम्परादेखि उपयोग गर्दैआएको वातावरणीय सम्पदामा उनीहरूको अधिकार हुन्छ । उनीहरूको सीप र संस्कृतिलाई मर्न नदिन राज्यका तर्फबाट पनि पहल गरिनुपर्छ । वातावरणीय न्यायले हेर्ने महत्वपूर्ण पक्ष जीविकोपार्जन सुरक्षा हो । आधुनिक विकासका नाममा कसैको जीविकोपार्जन खोस्न वा खतरामा पार्न पाइँदैन । उसको जीविकोपार्जन सङ्कटमा आउने भएमा उचित विकल्प दिइनुपर्छ । तर त्यसो हुन सकिरहेको छैन । प्लास्टिकको अधिक प्रयोगले कुमालेको पेशा सङ्कटमा छ, गहुँका छ्वालीबाट बन्ने ढकिया, झोला, जुटका सामग्रीहरू बजारमा देखिन छोडेका छन् । होटल, रेस्टुरेन्टका कारण ताल प्रदूषित बन्छ तर माछा मारेर, जाल बुनेर जीवन निर्वाह गर्ने माझीलाई मार परेको छ । यस्ता थुप्रै विषयहरू छन् जसबारे पत्र-पत्रिकाले बरोबर समाचार र विचार प्रकाशन गरी आफूलाई वातावरणीय न्यायको पक्षमा उभ्याउनु पर्छ । पर्यावरण प्रतिकूल हुनेगरी गरिने विकास निर्माणका क्रियाकलापहरू खोज र अनुसन्धानका विषय अझै बन्न नसकेको महसुस हुन्छ । सार्वजनिक जग्गा अतिक्रमणलगायत मासु प्रदूषण, फेवाताल प्रदूषणका विषयमा आएका केही सामग्री भने प्रशंसनीय छन् ।

खोजपूर्ण समाचार मानवीय संसाधन तथा अन्य साधनको अभावमा आउन सक्दैन । त्यसैले जनशक्तिलाई दक्ष बनाउने र अन्य आवश्यक सामग्री जुटाउनेतर्फ प्रकाशन गृहको ध्यान जानु जरुरी छ । पत्रकारहरूमा अध्ययन र सोधखोज गर्ने बानी हुन जरुरी छ । *वातावरणीय न्याय शब्दावली* (अधिकारी र घिमिरे २०५९) र *वातावरणीय न्यायको शहरी सन्दर्भः पोखराको एक अध्ययन* (अधिकारी २०५९ग) जस्ता पुस्तकले यससम्बन्धी प्रशस्तै जानकारी दिन्छन् (अधिकारी र घिमिरे सन् २००२ पनि हेर्नुहोस्) । पत्रकारहरूले पनि पूर्व निर्धारित औपचारिक कार्यक्रमसम्बन्धी समाचारतर्फ भन्दा समाचारका नयाँ क्षेत्र आफ्नै अग्रसरतामा खोज्नुपर्ने देखिन्छ ।

नेपाल प्रेस इन्स्टिच्यूट, नेपाल वातावरण पत्रकार समूह जस्ता तालिम प्रदायक सङ्घसंस्थाले वातावरणीय न्यायबारे पनि तालिम प्रदान गर्नु जरुरी छ । समाजमा देखिने, भोगिने वातावरणीय विभेदको सम्पूर्ण समाधान पत्रकार र

पत्रिका होइनन् तर सञ्चार माध्यममार्फत यसबारे धेरै प्रयास गर्न सकिने कुरा स्पष्ट भइसकेको छ । तसर्थ वातावरणविद्, वातावरणवादी र सञ्चार-कर्मीको समझदारी र आपसी सहयोगमा यस विषयमा धेरै सुधार हुन सक्ने अपेक्षा राखौं ।

## धन्यवाद

यसअघि *वातावरणीय न्यायको शहरी सन्दर्भः पोखराको एक अध्ययन* (अधिकारी २०५९क) पुस्तकमा प्रकाशित यो लेखमा सामान्य परिमार्जन गरिएको छ । लेखका मस्यौदाहरूमा टिप्पणी र सुझाव दिने प्रत्यूष वन्त, जगन्नाथ अधिकारी, रमेश पराजुली, भास्कर गौतम र शरद घिमिरेप्रति आभारी छु ।

## सन्दर्भ सामग्री

अधिकारी, इन्द्र प्रसाद. २०५८. ओजोन तहः विनाश, असर र रोकथाम अनन्त कि समाप्त ? *आदर्श समाज,* ५ असोज, पृ. २.

अधिकारी, कृष्ण. २०६०. नेपालमा फिचर सेवाको अभ्यास. *मिडिया उत्पादन र अन्तर्वस्तु.* रमेश पराजुली र प्रत्यूष वन्त, सं. काठमाडौं: मार्टिन चौतारी र सामाजिक विकास तथा अनुसन्धान केन्द्र.

अधिकारी, जगन्नाथ. २०५९क. परिचय. *वातावरणीय न्यायको शहरी सन्दर्भः पोखराको एक अध्ययन.* जगन्नाथ अधिकारी, सं., पृ. १-१३. काठमाडौं: मार्टिन चौतारी र सामाजिक विकास तथा अनुसन्धान केन्द्र.

अधिकारी, जगन्नाथ. २०५९ख. वातावरणीय न्यायका शहरी मुद्दाहरू. *वातावरणीय न्यायको शहरी सन्दर्भः पोखराको एक अध्ययन.* जगन्नाथ अधिकारी, सं., पृ. १५-५०. काठमाडौं: मार्टिन चौतारी र सामाजिक विकास तथा अनुसन्धान केन्द्र.

अधिकारी, जगन्नाथ, सं. २०५९ग. *वातावरणीय न्यायको शहरी सन्दर्भः पोखराको एक अध्ययन.* काठमाडौं: मार्टिन चौतारी र सामाजिक विकास तथा अनुसन्धान केन्द्र.

अधिकारी, जगन्नाथ र शरद घिमिरे. २०५९. *वातावरणीय न्याय शब्दावली.* काठमाडौं: मार्टिन चौतारी/सामाजिक विकास तथा अनुसन्धान केन्द्र.

अधिकारी, रत्नाकर. २०५६. बौद्धिक सम्पत्ति अधिकार र जैविक विविधता. *जैविक विविधता संरक्षणः स्रोत सँगालो.* लेखनाथ बेलबासे र नारायण बेलबासे, सं. पृ. १०५-१२८. काठमाडौं: जनहित संरक्षण मञ्च.

ओली, कृष्णप्रसाद. २०५४. फेवाताल संरक्षण कार्ययोजना. काठमाडौं: राष्ट्रिय संरक्षण कार्यनीति कार्यान्वयन आयोजना.

आदर्श समाज. २०५८क. के अब फेवाताल प्रदूषणमुक्त हुन्छ? (सम्पादकीय). ३ माघ, पृ. २.

आदर्श समाज. २०५८ख. पोखरा विमानस्थलमा चिल र कागको आतङ्क, हवाइ उडानमा अवरोध. १९ असोज, पृ. १.

आदर्श समाज. २०५८ग. प्लास्टिक झोलाको प्रयोग र हाम्रो वातावरण (सम्पादकीय). ४ माघ, पृ. २.

आदर्श समाज. २०५८घ. मासुको बिक्री वितरण व्यवस्थित गर्न वधशालाको आवश्यकता. २७ असोज, पृ. १.
आदर्श समाज. २०५८ङ. वायु प्रदूषणप्रति सरकारी सचेतता (सम्पादकीय). २९ पुस, पृ. २.
आदर्श समाज. २०५८च. वातावरण जोगाउन बुनपाको प्रयास उदाहरणीय (सम्पादकीय). १४ फागुन, पृ. २.
आदर्श समाज. २०५८छ. अस्पतालको जग्गामा सुकुमबासी बस्ती. १९ जेठ, पृ. ४.
आदर्श समाज. २०५८ज. भू-माफियाहरूको शब्दजालभित्र फँसेका सुकुमबासी अलपत्र परे. २० असार, पृ. १.
आदर्श समाज. २०५८झ. बाच्छेबुडुवाका सुकुमबासी हटाउन प्रशासनले बल प्रयोग गर्ने. १० असोज, पृ. १.
आदर्श समाज. २०५८ञ. सुकुमबासीद्वारा वडा कार्यालय भवन जलाइयो. १४ असोज, पृ. १.
आदर्श समाज. २०५८ट. सुकुमबासीका नाउँमा बनाइएका दुई हजारभन्दा बढी छाप्रा र टहरा प्रहरीले जलाइदियो. १५ असोज, पृ. १.
आदर्श समाज. २०५८ठ. प्रजातन्त्रको माने फोहरको विरोध (सम्पादकीय). १ असार, पृ. २.
आदर्श समाज. २०५८ड. ल्याण्डफिल साइट निर्माणका लागि स्थानीय प्रशासनले सहयोग गर्ने. २९ भदौ, पृ. १.
आदर्श समाज. २०५८ढ. प्रतिकार समितिले कुनै पनि हालतमा ल्याण्डफिल निर्माण गर्न नदिने. १ असोज, पृ. १.
आदर्श समाज. २०५८ण. बाच्छेबुडुवामा तीव्र गतिमा ल्याण्डफिल साइट निर्माण. ५ माघ, पृ. १.
आदर्श समाज. २०५८त. ल्याण्डफिल साइटमा बम विस्फोटन, झण्डै दुई करोडको क्षति. ८ फागुन, पृ. १, ४.
आदर्श समाज. २०५८थ. बाढी-पहिरोमा परी दुई दर्जनभन्दा बढीको मृत्यु. १४ भदौ, पृ. १.
आदर्श समाज. २०५८द. खडेरीका कारण किसानले धान रोप्न पाएनन्. १४ भदौ, पृ. १.
आदर्श समाज. २०५८ध. दुई दर्जनभन्दा बढी बाँदरको मृत्यु, ११ घर खतरामा. १४ भदौ, पृ. १.
आदर्श समाज. २०५८न. खानेपानी वितरणमा व्यापक अनियमितता. ११ असार, पृ. २.
आदर्श समाज. २०५८प. सिँचाई र विद्युतका बाँधहरू जलचरका लागि हानिकारक सिद्ध. ६ माघ, पृ. १.
आदर्श समाज. २०५८फ. स्थानीय जातका बालीको संरक्षणमा जोड. २ फागुन, पृ. १.
आदर्श समाज. २०५८ब. मोटरबोट चल्न थालेपछि बेगनास तालमा डुङ्गा चलाउनेहरू चिन्तित. १३ साउन, पृ. १, ४.

आदर्श समाज. २०५८भ. फोहरको ट्र्याक्टर देख्दा रमाउन विवश बालकहरू. २३ माघ, पृ. ४.

आदर्श समाज. २०५८म. रूख काट्नेलाई नगरपालिकाले जरिवाना गर्ने. १० पुस, पृ. १.

आदर्श समाज. २०५८य. पोखरा उप-महानगरपालिकाविरुद्ध रिट दायर. ६ मङ्सिर, पृ. १.

आदर्श समाज. २०५८र. पोखरा उप-महानगरपालिकालाई अदालतमा झिकाउने आदेश जारी. ७ मङ्सिर, पृ. १.

आदर्श समाज. २०५८ल. फेवाताल बचाउन मुद्दा दायर. १२ मङ्सिर, पृ. ४.

आदर्श समाज. २०५८व. फेवातालमा ढल नमिसाउन पोखरा उपमहानगरपालिकालाई परमादेश जारी. २६ चैत, पृ. १.

आदर्श समाज. २०५८श. मासिनै लागेको वनलाई उपभोक्ता समितिले हराभरा बनायो. २६ भदौ, पृ. १.

आदर्श समाज. २०५८ष. पोखरा वातावरण सुधार आयोजनाः योजना छानिए तापनि काम शुरु हुन सकेन. २१ असार, पृ. १, ४.

आदर्श समाज. २०५८स. पोखरामा विषादीयुक्त आलु नभित्र्याउने प्रतिबद्धता. १९ जेठ, पृ. ३.

के.सी., रामचन्द्र. २०५८. पैंतालीस वर्ष पुराना सुकुमबासी विस्थापित. *पोखरा हटलाइन.* ३ माघ, पृ. १.

कोइराला, टी.आर. २०५८. टुकी बालेर बिजुली र धारा हेरेर तिर्खा मेटाउनु पर्ने अस्पताल. *पोखरा हटलाइन,* २४ असार, पृ. २.

कोइराला, तीर्थ. २०५७. सञ्चार माध्यममा वातावरणीय समाचार. *पत्रकारिता.* वैशाख-जेठ, पृ. २०-२४.

कोइराला, शीतल. २०५८. चराहरूको बासस्थान कोशी टप्पु पर्यटकीय केन्द्र नबन्नु चिन्ताको विषय. *आदर्श समाज,* २० असोज, पृ. २.

खतिवडा, कोमल. २०५८. विश्व व्यापार सङ्गठनको 'व्यापारसँग सम्बन्धित बौद्धिक सम्पत्ति अधिकारसम्बन्धी सन्धि' र जैविक विविधताको चोरी. *पोखरा हटलाइन,* १९ वैशाख, पृ. २.

खनाल, केशव. २०५८. पोखरीको पानी पिउँदैछन् प्रजा. *आदर्श समाज,* ११ जेठ, पृ. २.

खनाल, बद्रीविनोद. २०५६. पोखराको पत्रकारिता व्यावसायिकतातर्फ उन्मुख. *स्मारिका पोखरा डायरी-२०५६.* पृ. ४४-४९. पोखराः सूर्य चन्द्र क्लब.

गिरी, मिनबहादुर र जगन्नाथ अधिकारी. २०५९. सार्वजनिक सम्पत्तिको बिग्रँदो अवस्था. *वातावरणीय न्यायको शहरी सन्दर्भः पोखराको एक अध्ययन.* जगन्नाथ अधिकारी, सं., पृ. ५१-७८. काठमाडौंः मार्टिन चौतारी र सामाजिक विकास तथा अनुसन्धान केन्द्र.

गिरी, रमन. २०५८क. पोखरामा आवश्यकताभन्दा आधा पानी नपुगः स्रोत छ तर साधन छैन. *पोखरा हटलाइन,* २९ फागुन, पृ. १, ४.

गिरी, रमन. २०५८ख. आलु खेतीले गर्जो टार्दैछन् हेमजाली किसान. *पोखरा हटलाइन,* २ चैत, पृ. १.

गिरी, हिमराज. २०५९. खानेपानीको अव्यवस्था र मानव अधिकार. *वातावरणीय न्यायको शहरी सन्दर्भः पोखराको एक अध्ययन.* जगन्नाथ अधिकारी, सं., पृ. ७९-९९. काठमाडौँः मार्टिन चौतारी र सामाजिक विकास तथा अनुसन्धान केन्द्र.

गुरुङ, ज्योतिन्द्र. २०५७. पोखरा वातावरण सुधार आयोजनाको परिचय एवं यसका कार्यहरू. *हेरालो* २. यम पौडेल, सं., पृ. ७९-८१. पोखराः हेरालो प्रतिष्ठान.

चालिसे, वसन्त. २०५८. कठै ! सेती नदीको दुर्दशा भो. *आदर्श समाज,* २६ माघ, पृ. २.

ढकाल 'प्रतीक्षा', टीकाराम. २०५८. वातावरण विनाशमा भू-क्षय र भू-संरक्षणको आवश्यकता. *आदर्श समाज,* २४ साउन, पृ. २.

तिमिल्सिना, विष्णु. २०५८. समस्या भू-क्षयको, आवश्यकता जन सहभागिताको. *आदर्श समाज,* २४ साउन, पृ. २.

दाहाल, डमिन्द्र. २०५९. छापामा जलउत्पन्न प्रकोपसम्बन्धी रिपोर्टिङ. *मिडियाको अन्तर्वस्तुः विविध विश्लेषण.* प्रत्यूष वन्त, रमेश पराजुली, रमा पराजुली, सं., पृ. ७९-१०५. काठमाडौँः मार्टिन चौतारी र सामाजिक विकास तथा अनुसन्धान केन्द्र.

दिक्पाल, राजकुमार. २०५८. सामुदायिक वनले जुटाएको महिला सहभागिता. *पोखरा हटलाइन,* ३ भदौ, पृ. २.

धौलागिरी, विनोद. २०५८. ...अनि सुकुमबासी बस्ती क्षणभर मै खरानी भयो. *आदर्श समाज,* १८ साउन, पृ. ४.

पराजुली, केशवराज. २०५८. पोखराको पत्रकारिता. *क्षेत्रीय मिडियाः विगत र वर्तमान.* प्रत्यूष वन्त, सं., पृ. २०४-२१२. काठमाडौँः मार्टिन चौतारी/सामाजिक विकास तथा अनुसन्धान केन्द्र.

पराजुली, गणेश. २०५८. वातावरण व्यवस्थापनमा गोबर ग्याँस. *आदर्श समाज,* १५ जेठ, पृ. २.

पराजुली, रमेश. २०५९. वायु प्रदूषणविरोधी आन्दोलन र छापा माध्यम. *मिडियाको अन्तर्वस्तुः विविध विश्लेषण.* प्रत्यूष वन्त, रमेश पराजुली, रमा पराजुली, सं., पृ. १०७-१९३. काठमाडौँः मार्टिन चौतारी र सामाजिक विकास तथा अनुसन्धान केन्द्र.

पराजुली, वसन्तकेशव शर्मा. २०५८. पोखराको खानेपानीले यस्तो सोच्न बाध्य बनायो. *आदर्श समाज,* १५ असार, पृ. २.

पराजुली, शेखर. २०५८. पोखरेली मिडियाः व्यवसायिकताको सँघारमा. *क्षेत्रीय मिडियाः विगत र वर्तमान.* प्रत्यूष वन्त, सं., पृ. २१३-२३८. काठमाडौँः मार्टिन चौतारी र सामाजिक विकास तथा अनुसन्धान केन्द्र.

पराजुली 'सुप', सुरेन्द्र. २०५८क. भू-संरक्षण गरौं र हामी आफैं बाचौं. *आदर्श समाज,* २४ साउन, पृ. ३.

पराजुली 'सुप', सुरेन्द्र. २०५८ख. जैविक विविधता- एक संक्षिप्त जानकारी. *आदर्श समाज,* १९ मङ्सिर, पृ. २.

पोखरा हटलाइन. २०५८क. बेवारिसे फेवाताल (सम्पादकीय). २१ माघ, पृ. २.

पोखरा हटलाइन. २०५८ख. लेखनाथ नगरपालिकामा बढ्दो सवारी चाप अब समयमै सचेत हुनुपर्ला कि? २२ साउन, पृ. ३.

पोखरा हटलाइन. २०५८ग. सुव्यवस्थित मासु व्यवसायको खाँचो. (सम्पादकीय). २९ असोज, पृ. २.
पोखरा हटलाइन. २०५८घ. व्यवस्थित बसोबासको आवश्यकता (सम्पादकीय). ५ पुस, पृ. २.
पोखरा हटलाइन. २०५८ङ. वास्तविक सुकुमबासीलाई व्यवस्थित गर्नुपर्छ (सम्पादकीय). १२ पुस, पृ. २.
पोखरा हटलाइन. २०५८च. सार्वजनिक जमिन दर्ता गर्न भू-माफिया सक्रिय. १९ पुस, पृ. १.
पोखरा हटलाइन. २०५८छ. भू-माफियालाई सजाय गरिनुपर्दछ (सम्पादकीय). २७ पुस, पृ. २.
पोखरा हटलाइन. २०५८ज. नागरिक समाजको दायित्व (सम्पादकीय). ३१ साउन, पृ. २.
पोखरा हटलाइन. २०५८झ. बाच्छेबुडुवाबाट हट्न सुकुमबासीलाई शनिवारसम्मको अल्टिमेटम. १० असोज, पृ. १.
पोखरा हटलाइन. २०५८ञ. सुकुमबासीले १८ नं. वडा कार्यालय आगो लगाई ध्वस्त पारे. १४ असोज, पृ. १.
पोखरा हटलाइन. २०५८ट. महिलाहरूको धर्नाका कारण ल्याण्डफिल साइट निर्माणमा अवरोध. २४ वैशाख, पृ. २.
पोखरा हटलाइन. २०५८ठ. फेरि ल्याण्डफिल साइटकै कुरा (सम्पादकीय). २६ वैशाख, पृ. २.
पोखरा हटलाइन. २०५८ड. हाम्रो चेतना स्तर र विश्वका शहरहरूको तुलना (सम्पादकीय). ९ जेठ, पृ. २.
पोखरा हटलाइन. २०५८ढ. हाम्रो प्राथमिकता कुन हो? (सम्पादकीय). २८ असार, पृ. २.
पोखरा हटलाइन. २०५८ण. छिनेडाँडाको युवाहरूले ल्याण्डफिल साइट बनाउन दिने. १४ असोज, पृ. १.
पोखरा हटलाइन. २०५८त. ल्याण्डफिल निर्माण कार्य अगाडि बढ्दैछ (सम्पादकीय). ६ पुस, पृ. २.
पोखरा हटलाइन. २०५८थ. ल्याण्डफिल साइटमा भएको बम विस्फोटनबाट लाखौं क्षति. ८ फागुन, पृ. १, ४.
पोखरा हटलाइन. २०५८द. आर्वामा एक घर पुरियो, तारजालीको अभावमा २५ घर खतरामा. ७ भदौ, पृ. १.
पोखरा हटलाइन. २०५८ध. पहिरोबाट मृत्यु भएका परिवारलाई राहत उपलब्ध गराइने. ८ भदौ, पृ. १.
पोखरा हटलाइन. २०५८न. योजना शुरु भएको अठार वर्षमा पनि पूरा हुन सकेन. ३० साउन, पृ. ३.
पोखरा हटलाइन. २०५८प. खानेपानी समस्या (सम्पादकीय). १ चैत, पृ. २.
पोखरा हटलाइन. २०५८फ. दुग्ध उत्पादन सङ्घद्वारा दूधको बिक्री मूल्य घटेकोमा विरोध. १६ फागुन, पृ. ४.

पोखरा हटलाइन. २०५८ब. रूपातालमा व्यवसायिक माछा खेती गरिने. ११ माघ, पृ. १.

पोखरा हटलाइन. २०५८भ. करेन्ट लगाएर माछा मार्ने तीनजना पक्राउ. २३ माघ, पृ. ४.

पोखरा हटलाइन. २०५८म. उप-महानगरपालिकालाई कारण देखाउ आदेश. ७ माघ, पृ. १.

पोखरेल, भरत. २०५८. टाउको लुकाएपछि के के लाज ? *पोखरा हटलाइन,* २१ भदौ पृ. २.

फेवाली, मोहन. २०५८. ग्रामीण भेगमा प्रभावकारी बन्दैछ गोबरग्यास प्लान्ट. *आदर्श समाज,* १७ चैत, पृ. ४.

बराल, ईन्द्रराज. २०५८. अव्यवस्थित तरिकाबाट बिक्री वितरण गरिँदा मासु उपभोक्ता अन्यौलमा. *पोखरा हटलाइन,* ६ मङ्सिर, पृ. ३.

बस्नेत, सुमन. २०५८. अव्यवस्थित पशुपालनका कारण वातावरण प्रदूषित. *आदर्श समाज,* २६ फागुन, पृ. २.

बस्नेत, सूर्यचन्द्र. २०५८. तरकारी बजार फोहरमैला, दुर्गन्ध र अव्यवस्थापनको चपेटामा. *आदर्श समाज,* १५ माघ, पृ. २.

भण्डारी, दुर्गा. २०५८. हामी कति प्रदूषित मासु खाइरहेका छौं त. *पोखरा हटलाइन,* २८ असोज, पृ. ४.

रासस. २०५८क. विषादी मिसाएर पकाएको आँपदेखि सावधान. *पोखरा हटलाइन,* १९ असोज, पृ. १.

रासस. २०५८ख. लामखुट्टे र भुसुनाले सतायो. *पोखरा हटलाइन,* १२ चैत, पृ. ३.

रासस. २०५८ग. सुर्तीमा क्यान्सर निम्त्याउने चालीस प्रकारका तत्वहरू रहेको वैज्ञानिकहरूको दाबी. *आदर्श समाज,* १८ जेठ, पृ. ३.

रासस. २०५८घ. जैविक विविधता संरक्षणमा स्थानीय समुदाय जागरुक हुनुपर्ने. *आदर्श समाज,* ८ चैत, पृ. ४.

रासस. २०५८ङ. तरकारी तथा फलफूल खेतीबाट कृषकहरूको जीवनस्तरमा सुधार. *पोखरा हटलाइन,* २३ माघ, पृ. ४.

रासस. २०५८च. जङ्गली हात्तीको आतङ्क. *पोखरा हटलाइन,* २ माघ, पृ. १, ४.

रासस. २०५८छ. अवैध रूपमा निर्यात हुनलागेका जडिबुटी बरामद. *पोखरा हटलाइन,* २४ माघ, पृ.३.

रासस. २०५८ज. प्लास्टिक झोला रोक लगाउन अदालतमा रिट. *आदर्श समाज,* १ माघ, पृ. १.

रासस. २०५८झ. कारण देखाउ आदेश जारी. *आदर्श समाज,* ३ माघ, पृ. १.

रिजाल, निशा. २०५८. रूपा एक स्वरूप अनेक. *पोखरा हटलाइन,* १४ र १५ मङ्सिर, पृ. २.

लामिछाने, केशव. २०५८. कमल फुल्ने ताल सुख्खा मैदान हुने खतरा. *पोखरा हटलाइन,* ६ असार, पृ. १.

लामिछाने, केशवशरण. २०५८क. सार्वजनिक जमिन दर्ता गर्न सरकारी उदासिनता. *पोखरा हटलाइन,* २५ माघ, पृ. १.

लामिछाने, केशवशरण. २०५८ख. आयोग नबन्दा सार्वजनिक जमिन अझै व्यक्तिका नाममा. *पोखरा हटलाइन,* १ फागुन, पृ. १.
लामिछाने, केशवशरण. २०५८ग. बाच्छेबुडुवाका सुकुमबासी स्थानान्तरण गर्न प्रशासनिक उदासिनता. *पोखरा हटलाइन,* १८ भदौ, पृ. १.
लामिछाने, केशवशरण. २०५८घ. ल्याण्डफिल साइट निर्माण गर्न थप ७ करोड ऋण मागः ऋण नपाए निर्माण पुरा नहुने. *पोखरा हटलाइन,* ७ चैत, पृ. १.
लौडारी, हिमनिधि. २०५८. उपल्लो मोदी 'ए' जलविद्युत आयोजना असला माछाको निम्ति अभिशाप बन्ने. *आदर्श समाज,* २८ असार, पृ. १, ४.
वन्त, प्रत्यूष, सं. २०५८. *क्षेत्रीय मिडियाः विगत र वर्तमान.* काठमाडौंः मार्टिन चौतारी/सामाजिक विकास तथा अनुसन्धान केन्द्र.
श्रेष्ठ, मदनकाजी. २०५८क. फेवाताल प्रदूषणको चपेटामाः एक गम्भीर चिन्ता. *पोखरा हटलाइन,* ६ चैत, पृ. २.
श्रेष्ठ, मदनकाजी. २०५८ख. वातावरण प्रदूषण र पर्यटन व्यवसायमा यसको असरः यसको नियन्त्रणमा सरकारी प्रतिबद्धता. *पोखरा हटलाइन,* १९ फागुन, पृ. २.
सापकोटा, रेवती. २०५८. पानी व्यवस्थापनमा महिला सहभागिता, सुरक्षित जीवनको उपहार. *पोखरा हटलाइन,* १९ पुस, पृ. २.
सिग्देल, नवीन. २०५८. बालुवा बेच्ने पेशाबाट बाह्र सय परिवारको जीवन निर्वाह. *आदर्श समाज,* ५ असोज, पृ. ४.
Adhikari, Jagannath. 2000. Urbanization, Government Policies and Growing Social and Environmental Problems in Pokhara, Nepal. *Studies in Nepali History and Society* 5(1): 43-87.
Adhikari, Jagannath and David Seddon. 2002. *Pokhara: Biography of a Town*. Kathmandu: Mandala Book Point.
Adhikari, Jagannath and Sharad Ghimire, eds. 2002. *A Bibliography on Environmental Justice in Nepal.* Kathmandu: Martin Chautari/ Centre for social Research and Development.
Onta, Pratyoush. 2002. Critiquing the Media Boom. In *State of Nepal*. Kanak Mani Dixit and Shastri Ramachandara, eds., pp. 253-269. Kathmandu: Himal Books.
Parajuli, Bishwo Kalyan. 2000. Environmental Pollution and Awareness in Pokhara City: A Sociological Perspective. *Occasional Papers in Sociology and Anthropology* 6: 74-92.
Shrestha, Nabina and Rabin Shrestha, eds. 1996. *Wildlife Media Watch*. Kathmandu: NEFEJ and IUCN Nepal.
Tuladhar, Bhushan. 1996. Kathmandu's Garbage: Simple Solutions Going to Waste. *Studies in Nepali History and Society* 1(2): 365-393.